सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी

आदेश

०७४-WO-०७०४

विषयः उत्प्रेषण।

| | |
|---|---|
| नुवाकोट जिल्ला, साविक जिलिङ्ग गा.वि.स. वडा नं.३ हाल बेलकोटगढी न.पा. वडा नं.८ बस्ने राजेन्द्र चित्रकार-------------------------------------------१ | रिट निवेदक पक्ष |

विरुद्ध

| | |
|---|---|
| बेलकोटगढी नगरपालिका बेलकोटगढी, नुवाकोट----------------------------१ | |
| विदुर नगरपालिका विदुर, नुवाकोट--------------------------------------------१ | |
| लिखु गाउँपालिका लिखु, नुवाकोट---------------------------------------------१ | |
| पञ्चकन्या गाउँपालिका, नुवाकोट --------------------------------------------१ | |
| विदुर नगर कार्यपालिका, उद्योग विकास शाखा विदुर, नुवाकोट --------------१ | |
| जिल्ला समन्वय समिति विदुर, नुवाकोट ------------------------------------१ | विपक्षी |
| जिल्ला प्रशासन कार्यालय विदुर, नुवाकोट ----------------------- --------१ | प्रत्यर्थी |
| जिल्ला प्रहरी कार्यालय विदुर, नुवाकोट ---------------------------------------१ | |
| प्रदेश मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.३ हेटौंडा, मकवानपुर----------------१ | |
| उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सिंहदरबार, काठमाडौं -----------------१ | |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरवार, काठमाडौं -----------------१ | |
| जनसंख्या तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं -------------------१ | |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ------------१ | |

नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

तथ्य खण्ड

१) म निवेदक लामो समयदेखि वातावरण क्षेत्रमा कार्यरत नागरिक अभियन्ता हुँ। नुवाकोट जिल्लामा विपक्षी नगरपालिका र गाउँपालिकाहरुमा नविकरण नै नगरी गैरकानूनी रुपमा सञ्चालित भएका क्रसर उद्योग र क्रसर उद्योगको नाउँमा दर्ता भए

पनि त्रिशुली नदीको बहाव, रुप र नदीलाई स्काभेटर लगायतका ठूला-ठूला मेसिनहरु प्रयोग गरी नदी पानी र वरपर व्यापक प्रदुषण गरी कानूनविपरित क्रसर उद्योग सञ्चालन गरेको, क्रसर उद्योग सञ्चालन गर्न वातावरण सम्बन्धी प्रचलित कानूनको अधिनमा रही IEE, EIA स्वीकृत गरी अनुमति लिई गर्नु पर्नेमा कुनै कार्य नै नगरी विभिन्न क्रसर उद्योगहरुले कानूनविपरित कार्य गर्दै आएको, रोडा, ढुङ्गाको लागि क्रसर उद्योग सञ्चालनको लागि अनुमति नै नलिएको, बालुवा प्रशोधन लगायत कार्य पनि गर्दै आइ म बसोबास गरेको क्षेत्रमा व्यापक वायु प्रदुषण गरेको, कानूनविपरित ठूला ट्रिपर राखी विभिन्न व्यक्तिहरुलाई सडक दुर्घटनामा पार्दै बाटो ध्वस्त बनाएको कारणले मैले विपक्षी प्रमुख जिल्ला अधिकारीज्यू समक्ष अनुगमन गरी बन्द गर्नको लागि निवेदन गरेको थिएँ । म लगायतका निवेदकको आग्रहमा मिति २०७४।११।३० देखि २०७४।१२।०६ सम्म अनुगमन भएकोमा विभिन्न करिब २४ वटा उद्योगहरुले उल्लेखित कार्य गरेको देखिने गरी प्रतिवेदन पेश भएको थियो । सोको जानकारी म निवेदकलाई दिएको अवस्था छ । जसको प्रतिलिपि यसै निवेदनसाथ पेश गरेको छु।

२) म निवेदकले उक्त नगरपालिका र गाउँपालिकाहरुबाट उल्लेखित अवैध कार्यहरु भई प्राकृतिक स्रोतको गैरकानूनी रुपमा दोहन भएको र वातावरणमा गम्भीर असर परेकोले प्रमुख जिल्ला अधिकारी समक्ष उल्लेखित गुनासो लिई जाँदा पनि उल्लेखित नियन्त्रण गर्ने निकाय स्थानीय तह, प्रदेश र संघीय तहको भएकोले आफूले केही गर्न नसक्ने भनी जानकारी गराउनु भयो । विपक्षीहरुको कार्यले म निवेदकसमेतका स्थानीय बासिन्दाको संविधानको धारा १६, १७, १८, २५, ३०, ३५, ४३ समेतका मौलिक हकहरु हनन भएको र प्रस्तुत विषय परिपालना र वातावरणीय हकको कार्यान्वयनका साथै गम्भीर सार्वजनिक हक सरोकारको विषयसमेत समावेश भएकोले बाध्य भई यो निवेदनसाथ संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम उपस्थित भएको छु ।

३) नेपालको संविधानको धारा ३० द्वारा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ भनि वातावरण सम्बन्धी हकलाई मौलिक हकको रुपमा ग्यारेन्टी गरिएको छ । उक्त धारा अन्तरिम संविधानको धारा १२(१) को Right to life सँग सम्बन्धित छ । धारा ३५(५) मा राज्यले वातावरणमा प्रतिकुल असर पर्न नदिन एवं वातावरण र दुर्लभ वन्यजन्तु को विशेष संरक्षण गर्नु पर्ने तथा वन र वनस्पति

तथा जैविक विविधताको संरक्षण दिगो उपयोग र प्रास लाभको समन्यायिक बाँडफाँड राज्यको नीति हुने संवैधानिक व्यवस्था गरिएको छ । संविधानको धारा ५१(६) मा नेपाल राज्यभित्रका ढुङ्गा, वालुवा, गिटी, रोडा लगायतका प्राकृतिक स्रोत साधन आदि कसैको निजी हुन नसक्ने र सम्पूर्ण जनताको साझा सम्पत्ति हुने कुरा स्पष्ट छ । वातावरण संरक्षण ऐन, २०५३, नियमावली २०५४, खानी तथा खनिज पदार्थ ऐन, २०४२, जलश्रोत ऐन, २०४९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, वन ऐन २०४९ को व्यवस्थाले वन जंगल, नदिनाला, सार्वजनिक स्थान, वगर लगायतको ठाउँमा क्रसर उद्योगहरु संचालन गर्न तथा वालुवा, गिटी, ढुंगा, रोडा इत्यादि उत्खनन्, खोदन र दोहन एवं विदेश सप्लाई गर्न नपाउने स्पष्ट व्यवस्था गरेको छ । Rio Declaration र Stockholm Declaration द्वारा स्थापित सिद्धान्त र अवधारणाहरुले Eco system को संरक्षण र वातारणीय विवादमा सर्वसाधारणको पहुँचलाई असाध्यै महत्व दिइएको छ । माथि उल्लेखित ऐन नियमका अतिरिक्त नेपाल पक्ष भएका वा नेपाल हस्ताक्षर तथा अनुमोदन गरेका अन्तर्राष्ट्रिय स्तरका विभिन्न सन्धि वा महासन्धिहरु महत्वपूर्ण दस्तावेजको रुपमा रहेका छन् । स्वच्छ वातावण र दिगो विकासको लागि वनजंगल, पानीका मूल, जंगली जनावर, प्राकृतिक तथा खनिज स्रोत साधन, प्राकृतिक सम्पदा, ढुङ्गा, गिटी रोडा, वालुवा, वन पैदावरको सुरक्षा, संरक्षण र वैज्ञानिक तवरले उत्खनन् र उपभोग गर्नु जरुरी हुन्छ । गैरकानूनी रुपमा नुवाकोट जिल्लाका विभिन्न ठाउँ र आसपासमा संचालित क्रसर, रोडा, गिट्टी वालुवा, उद्योगको कारण त्यस क्षेत्रको वन जंगल, हरियाली, वन पैदार, वन्यजन्तु तथा चराचुरुङ्गीको वासस्थान, मुहान, स्वच्छ वातावरण, प्राकृतिक सम्पदा पूर्णरुपमा नष्ट हुने अवस्थामा पुगेको छ । गैरकानूनी रुपमा संचालित उद्योग र खानीहरुले सम्बन्धित निकायमा कानूनबमोजिम दर्ता गरी अनुमति लिएका पनि छैनन र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गराएको अवस्था पनि छैन । नुवाकोट जिल्लामा बग्ने त्रिशुली, तादी नदी लगायतका नदीहरुमा कानून बमोजिम IEE र EIA स्वीकृत नगरी कुनै पनि क्रसर, रोडा, ढुङ्गा र बालुवा प्रशोधन कार्य नगर्नु, नगराउनु, अनुगमन प्रतिवेदनबाट गैरकानूनी रुपमा सञ्चालन भई आएका क्रसर र बालुवा प्रशोधन उद्योगहरुलाई सञ्चालन गर्न नदिनु, संचालन नगर्नु, नगराउनु तत्काल बन्द गर्नु, गराउनु, नियन्त्रण र नियमन गर्नु, नुवाकोट जिल्लामा वातवारण संरक्षण गर्नु, गिट्टी बालुवा, धुलो आदिको नियमन गर्नु

वातावरणीय पर्यावरणमा खलल पुग्ने तथा उत्खनन, दोहन र संकलन गर्ने कार्य नगर्नु नगराउनु भन्ने समेतको परमादेशको आदेश र उल्लेखित गैरकानूनी रुपमा क्रसर उद्योग, बालुवा प्रशोधन उद्योग, बालुवा खानी आदि अनुमति दिने गरी कुनै निर्णय काम कारबाही भएको भए उत्प्रेषणको आदेशद्वारा बदर गर्नु गराउनु र विपक्षीले गैरकानूनी रुपमा सञ्चालित उद्योगहरुलाई विद्युत प्रवाह गरिरहेकाले सो समेत बन्द र बदर गर्नु गराउनु र सरकारी र सार्वजनिक जग्गा प्रयोग गरी त्रिशुली, तादी आदि नदीमा विभिन्न व्यक्तिहरुले चरम दोहन र गैरकानूनी कार्य गरिरहेकोले नदीको स्वरुप विकृत, प्रदुषित भएकाले सार्वजनिक सम्पत्ति संरक्षण गर्नु भन्ने समेतको परमादेशयुक्त प्रतिषेध लगायत अन्य जो चाहिने आदेश विपक्षीहरुका नाउँमा जारी गरी पाउँ ।

४) प्रस्तुत मुद्दाको कारबाहीमा रहेकै अवस्थामा विपक्षीहरुले नुवाकोट जिल्लामा अवैध रुपमा क्रसर र बालुवा प्रशोधन उद्योगहरु सञ्चालन भइरहेको भन्ने कुरा मिति २०७४।११।३० देखि २०७४।१२।६ को अनुगमन प्रतिवेदनबाट देखिएको हुँदा सम्मानित अदालतबाट यस्तै प्रकृतिको २०६८-WO-०९८३ को रिट निवेदनमा अन्तरिम आदेश जारी भइरहेकोले वातावरण संरक्षण ऐन, २०५३ को दफा ९, १० विपरित वातावरणीय क्षति पुग्न सक्ने देखिएकोले यस रिट निवेदनको अन्तिम किनारा नभएसम्म रिट निवेदनमा उल्लेख भएको त्रिशुली र तादी नदीबाट गैरकानूनी रुपमा उत्खनन र संकलन गरिएका रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरु संचालन गर्न नदिनु, संचालन नगर्नु नगराउनु, तत्काल बन्द गर्नु, गराउनु, वातावरण संरक्षण गर्नु भन्ने समेतको अन्तरिम आदेश सर्वोच्च अदालत नियमावली, २०७३ को नियम ४९(२) बमोजिम विपक्षीहरुका नाउँमा जारी गरी पाउँ भन्ने रिट निवेदक राजेन्द्र चित्रकारको यस अदालतमा पर्न आएको निवेदन।

५) यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुन नपर्ने भए सो को आधार र कारण समेत खुलाई बाटाको म्याद बाहेक १५ दिनभित्र विपक्षी नं.७, ८, १०, ११, १२ र १३ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत, विपक्षी नं.९ को हकमा प्रदेश नं.३ को मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरुको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको नक्कलसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी

सो को बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला। साथै निवेदकले माग गरेको अन्तरिम आदेशतर्फ विचार गर्दा दुवै पक्षको उपस्थितिमा अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा छलफल गरी निष्कर्षमा पुग्न मनासिव देखिंदा छलफलको लागि मिति २०७५।१।४ को पेशी तारेख तोकी महान्यायाधिवक्ताको कार्यालयलाई सो को सूचना दिई नियमानुसार पेश गर्नुहोला भन्ने यस अदालतको मिति २०७४।१२।२८ को आदेश।

६) बिपक्षी निबेदकले निबेदनमा उल्लेख गरेको व्यहोरामा कुनै सत्यता छैन । बिपक्षीको निबेदनमा उल्लेख गरेको व्यहोराको सम्बन्धमा यस जिल्ला अन्तर्गत पर्ने त्रिशुली, तादी जस्ता खोला नालाहरुमा बालुवा गिट्टी झिक्ने लगायतका कार्य गरी प्राकृतिक सम्पदाको दोहन गरी स्थानिय वातावरणमा असर पुग्ने लगायतको कृयाकलाप गरेको र सम्बन्धित पक्षहरुले सो प्रति ध्यान नदिएको भन्ने सम्बन्धमा यस कार्यालयले त्यस्ता प्राकृतिक सम्पदाको दोहन गरिएको खोला किनारहरुमा भइरहेको दोहन हुन नदिन तर्फ यस कार्यालय अन्तर्गतका मातहत प्रहरी कार्यालयहरुलाई गस्ती, पट्रोलिङ गर्न परिपत्र गरेको र जिल्ला प्रशासन कार्यालयबाट मिति २०७४/११/३० गतेदेखि २०७४/१२/०६ गतेसम्म गरेको अनुगमन कार्यमा शान्ति सुरक्षा प्रदान गरी नुवाकोट जिल्ला अन्तर्गतमा पर्ने नदिजन्य सम्पदा दोहन गर्ने व्यक्ति वा समुह र संस्थालाई सो कार्य हुन नदिनतर्फ यस कार्यालयबाट मातहत प्रहरी कार्यालयलाई बेला-बेलामा लिखित तथा मौखिक निर्देशन भई सो अनुरुपको कार्य हुन नदिने गरी आफ्नो पेशागत्त काम कर्तव्य र कार्वाहीमा कुनै कमजोरी बिना काम कार्वाही भएकोले यस कार्यालय समेतलाई बिपक्षी बनाई कपोलकल्पित निराधार झुठा व्यहोरा उल्लेख गरी सम्मानित अदालतमा दायर गर्नु भएको निबेदन खारेज भागी छ खारेज गरी पाउँ भन्ने बेहोराको जिल्ला प्रहरी कार्यालय नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

७) यसमा विपक्षीहरुका नाममा म्याद जारी भएकोमा मिसिलबाट विपक्षीहरु बेलकोटगढी नगरपालिका, बेलकोटगढी-१, लिखु गाउँपालिका लिखु नुवाकोट-१ र पञ्चकन्या गाउँपालिका नुवाकोट-१ ले म्याद बुझेको भर्पाई मिसिल सामेल नदेखिंदा म्याद जारी गरी म्याद बुझेको भर्पाई मिसिल सामेल राख्नु । साथै विदुर नगरपालिका उद्योग विकास शाखा, नुवाकोटबाट नुवाकोट जिल्लाका क्रसर उद्योगहरुको विवरण सम्बन्धी

अनुगमन प्रतिवेदन र सो सँग सम्बन्धित कागजात मिति २०७५/०१/१९ गतेभित्र आई सक्ने गरी झिकाई नियमानुसार पेश गर्नूहोला भन्ने यस अदालतको मिति २०७५।१।४ को आदेश।

८) नेपाल सरकार कानूनी व्यवस्था तथा सो अन्तर्गत बनेका नियम, कार्यविधि तथा निर्देशिकाहरु कार्यान्वियन गर्ने कुरामा प्रतिवद्ध र क्रियाशीलसमेत रहेको छ । नेपाल सरकारका सम्बन्धित निकायहरुबाट वातावरण संरक्षण तथा प्राकृतिक स्रोत साधनको समुचित प्रयोगमा संवेदनशील रही सबै उद्योग कलकारखानालाई कानूनी दायरामा ल्याउने सम्बन्धमा निरन्तर पहल गरिरहेको कुरालाई अनदेखा गरी दायर भएको प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

९) सर्वप्रथमतः यस मन्त्रालयको कुन कार्यले विपक्षीको कुन हक अधिकारमा कसरी असर पायो विपक्षीले रिट निवेदनमा कतै खुलाउन सक्नु भएको छैन । यसरी स्पष्ट कारण र आधार विना यस मन्त्रालयलाई विपक्षी बनाईएको कार्य त्रुटिपूर्ण रहेको छ। वातावरण संरक्षण ऐन, २०५३ र औद्योगिक व्यवसाय ऐन, २०७३ लगायतका प्रचलित कानूनविपरित क्रसर र वालुवा प्रशोधन उद्योगहरु संचालन भएको पाइएमा सोको अनुगमन र कारवाही गर्ने निकायहरुले प्रचलित कानूनबमोजिम कारवाही गरी नै रहेको र पछि पनि गर्ने नै छन् । यसरी अधिकारप्राप्त निकायले कारवाही गर्ने विषयमा उक्त निकायबाट हुने कारवाही प्रकृयाको अवलम्बन नै नगरी गोलमटोलरुपमा विभिन्न निकायहरुलाई विपक्षी बनाई सोझै सम्मानित अदालतमा दिएको रिट निवेदन खारेज भागी छ । अतः विपक्षी बनाईएका अन्य मन्त्रालय लगायतका निकायहरुबाट प्रस्तुत हुने लिखितजवाफ समेतलाई आधारमानी वैकल्पिक उपचारको प्रयोग नै नगरी परेको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

१०) विदुर नगरपालिका उद्योग विकास शाखा विदुर, नुवाकोटले मिति २०७४।११।३० देखि २०७४।१२।६ सम्म नुवाकोट जिल्लामा सञ्चालनमा रहेका विभिन्न क्रसर तथा बालुवा प्रशोधन गर्ने उद्योग अनुगमनका क्रममा अवैध रुपमा सञ्चालन भएका उद्योग तत्काल बन्द गरेको बेहोरा निज निवेदकले नै आफ्नै निवेदनमा उल्लेख गरेको तथा प्रमुख जिल्ला अधिकारीले स्थानीय सरकार सञ्चालन

ऐन २०७४ को दफा ११ को प ७ अनुसार ढुङ्गा, गिट्टी, बालुला, नुन, माटो, खरीढुङ्गा, तथा स्लेट जस्ता खानीजन्य बस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोगको दर्ता, अनुमति, नविकरण, खारेजी र व्यवस्थापन गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकारभित्र रहेकोले सोही व्यहोरा मात्र निज निवेदकलाई जानकारी गराएको हो । सो बाहेक यस सम्वन्धमा जिल्ला प्रशासन कार्यालय नुवाकोटबाट कुनै काम नभएकोले जिल्ला प्रशासन कार्यालयको के कस्तो काम कारवाहीबाट निजको संवैधानिक र नागरिक हक हनन् हुन गएको हो खुलाइएको देखिएन । यसर्थ यस जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाउनु पर्ने कारण र अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको जिल्ला प्रशासन कार्यालय नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

११) नुवाकोट जिल्लामा बग्ने त्रिशुली, तादी नदी लगायतका नदीहरुमा कानून बमोजिम वातावरणीय प्रभाव मूल्याँकन (EIA) र प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गराएको अवस्था नदेखिई विदुर नगरपालिका उद्योग विकाश शाखाले नुवाकोट जिल्लाका क्रसर उद्योगहरुको विवरण संकलनको लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मिति २०७४।११।३० देखि २०७४।१२।०६ सम्म अनुगमन गरी विवरण संकलन गरेको देखिन्छ। साथै मिति २०७४।११।३० गते नुवाकोट जिल्लामा संचालनमा रहेका बालुवा प्रशोधन उद्योगहरुको अनुगमन गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा स्थलगत रुपमा अनुगमन गरी उक्त उद्योगहरु मध्ये कतिपय क्रसर उद्योग दर्ता नै नभएका र दर्ता भएका पनि तोकिएको शर्त तथा मापदण्डहरु पूरा गरेको नदेखिएको हुँदा उद्योग विकाश शाखा, विदुर नुवाकोट समेतबाट अनुगमन टोलीको रोहवरमा अर्को आदेश नभएसम्मका लागि उद्योग बन्द गर्न स्थलगत रुपमै पत्र बुझाउने निर्णय गरेको देखिन्छ। यसरी प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गएको अनुगमन टोलीले मिति २०७४।११।३० देखि मिति २०७४।१२।०६ सम्म स्थलगत रुपमा अनुगमन गरी प्रतिवेदन लिई सो प्रतिवेदनको आधारमा सम्वन्धित उद्योगमा स्थलगत रुपमा गै अवैध रुपमा संचालनमा रहेका क्रसर र बालुवा प्रशोधन उद्योगहरु वन्द गर्न पत्र दिंदा समेत प्रभावकारी रुपमा कार्यान्वयन भएको नदेखिंदा वातावरण संरक्षण ऐन,२०५३ को दफा ९, १० विपरित वातावरणीय क्षति पुग्ने देखिएकोले प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म रिट निवेदनमा उल्लेख भएको त्रिशुली र तादी नदीबाट

गैरकानूनी रुपमा उत्खनन् र संकलन गरिएका रोडा, ढुङ्गा, बालुवा प्रशोधन उद्योगहरु संचालन गर्न नदिनु, तत्काल बन्द गराई वातावरण संरक्षण गर्नु भनी विपक्षीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नूहोला भन्ने यस अदालतको मिति २०७५।१।२५ को आदेश।

१२) निवेदन दायर गर्दा मु.ऐ. अ.वं. १० नं. को अनुमति लिएको पनि मिसिल तथा निवेदन लेखबाट खुल्दैन । त्यसैले यस्ता हकदैया र क्षेत्राधिकारविहिन निवेदन प्रारम्भमा नै खारेज भागी छ। लिखु गाउँपालिकाको कुन चाहि कार्यले निवेदनकको नेपाल संविधानको कुन हक हनन भयो त्यो पनि उल्लेख नभएको स्थितिमा स्थानीय प्रशासनलाई समेत कानून बमोजिम हुने बाहेक अन्य कार्य गर्नबाट रोक लगाउने कार्य अदालताट हुनै सक्दैन । तसर्थ यस गाउँपालिकाले निवेदनमा उल्लेख गरेका कुनै कार्य नगरेको र उल्टै गाउँपालिकाको अधिकार प्रयोग गरी गाउँपालिका भित्रका सम्पूर्ण सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वद्धन गर्दै आएको झुठा निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको लिखु गाउँपालिका लिखु, नुवाकोटका तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

१३) यस मन्त्रालय वा अन्तर्गत निकायहरुबाट गरिएको के कुन आयोजना एवं कार्यहरुबाट के कुन स्थानमा प्रभाव पर्न गएको हो सो कुरा एकिन रुपमा रिट निवेदकले उल्लेख गरेको अवस्था छैन। यस मन्त्रालय अन्तर्गत संचालित आयोजनाहरुबाट वातावरणमा असर परेको भन्ने समेत नरहेको र वातावरण प्रदुषणलाई न्यूनीकरण गर्ने सम्बन्धमा मन्त्रालय प्रयासरत नै रहेको हुँदा यस मन्त्रालयको हकमा प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाउँ भन्ने नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

१४) स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक तथा कानूनी व्यवस्थाहरुको पूर्ण पालना गर्दै विकास र वातावरणबीच सन्तुलन कायम गर्दै जाने जिम्मेवारीबोध गर्दै यस मन्त्रालयबाट वातावरण संरक्षण तथा प्राकृतिक स्रोत साधनको समुचित प्रयोगमा संवेदनशील हुँदै सबै उद्योग कलकारखानालाई कानूनी दायरामा ल्याउने सम्बन्धमा निरन्तर पहल गरिरहेकोछ । सम्मानित सर्वोच्च अदालतबाट यस्तै प्रकृतिको रिट निवेदक नारायण प्रसाद देवकोटा भएको संवत् २०६६ सालको रिट नं. ०६६-

WO-५२१ को रिट निवेदनमा मिति २०६७।०४।२१ मा भएको आदेशबमोजिमको समिति गठन भई उक्त कार्य टोलीले आफ्नो प्रतिवेदनसमेत यस मन्त्रालयमा बुझाई उक्त प्रतिवेदनबमोजिम हाल कार्य भै रहेको अवस्था छ । सम्मानित अदालतको उक्त मितिको आदेशबमोजिम प्राविधिक समिति गठन भै सो समितिले स्थलगत निरीक्षण गरी अवैध देखिएका क्रसर उद्योगहरु स्थानान्तरण वा बन्द गर्ने तर्फ कारवाही अगाडि बढाई रहेको अवस्थासमेत भएको हुँदा प्रस्तुत रिट निवेदन यस मन्त्रालयका हकमा खारेजभागी छ भन्ने बेहोराको नेपाल सरकार, तत्कालीन जनसंख्या तथा वातावरण मन्त्रालय हाल वन तथा वातावरण मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

१५) विपक्षीको रिट निवेदन दायर हुनु भन्दा वर्षौंपूर्व क्रसर उद्योगहरुको हकमा घरेलु तथा साना उद्योग विकास सिमितिले शाखा कार्यालय नुवाकोट, विदुरमा पत्राचार गरी सम्पूर्ण क्रसर उद्योगहरुको विवरण उपलब्ध गरी स्थलगत निरीक्षण गरी मापदण्डभित्र परेको नपरेको अनुगमन गरी मापदण्ड विपरीत संचालन भएको उद्योगलाई तुरुन्त बन्द गर्न सुचित गरिएको र बन्द नगरेमा कडा कार्यावाही हुने जानकारीसमेत गरिएको र जिल्ला प्रशासन कार्यालय नुवाकोटलाई उद्योग अटेर गरी संचालन गरेमा बन्द गर्न आवश्यक सहयोगको लागि अनुरोध छ भनी बोधार्थ समेत दिएको हुँदा हामीले आफ्नो काम कर्तव्य सम्पूर्ण रुपमा व्यतित गर्दै आएकोमा विपक्षी रिट निवेदकले मौलिक हक हनन भएको भनी २०७१ श्रावणदेखि नै बन्द गर्न निर्देशन दिएका उद्योगहरुका हकमा हामी समेतलाई विपक्षी कायम गर्दै सार्वजनिक सरोकारको विषय दायर हुन आएको प्रस्तुत रिट निवेदन खारेजभागी छ।

१६) नुवाकोट जिल्लामा रहेका क्रसर तथा वालुवा प्रशोधन उद्योगहरुको अनुगमन गर्ने क्रममा जिल्ला प्रशासन कार्यालय नुवाकोटका प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा २०७४/११/३० देखि २०७४/१२/०६ सम्म भएको संयुक्त अनुगमन टोलीबाट समेत क्रसर उद्योगहरुलाई दर्ता नभएका/दर्ता भएपनि शर्त एवं मापदण्ड पुरा नगरेका उद्योगहरुलाई अर्को आदेश नभएसम्मको लागि उद्योग बन्द गर्नको लागि निर्णय गरी स्थलगत रुपमा नै पत्र वुझाइएको अवस्था रहेको छ र नेपाल सरकारले समय समयमा क्रसर उद्योगहरुको नविकरण म्याद थप गर्ने क्रममा घरेलु तथा साना उद्योग विभागको मिति २०७२/०४/३१ र च.नं.१२० को पत्रबाट २०७३ साल आषाढ मसान्त सम्मको लागि भनि म्याद थप भए तापनि हाल क्रसर

उद्योगहरु नविकरण नगरिएको अबस्था बिद्यमान छ। अतः विपक्षीले भने जस्तो गैरकानूनी रुपले कसर उद्योगहरु संचालन गर्न दिएको, नागरिकको मौलिक हक हनन भएको भन्ने सम्वन्धमा यस कार्यालयबाट गैरकानूनी रुपमा कुनै उद्योग संचालन गर्न नदिएको र नागरिकको मौलिक हकको हनन हुने गरी कुनै पनि कार्य नगरेको हुँदा विपक्षीको रिट निवेदन हाम्रो हकमा खारेजभागी छ, खारेज गरी पाउँ भन्ने बेहोराको विदुर नगर कार्यपालिका, उद्योग विकास शाखा नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

१७) कुनै पनि व्यवसाय, उद्योग, कलकारखाना संचालन गर्ने, दर्ता गर्ने अनुमति दिने लगायतको जिम्मेवारी यस कार्यालयसमेतको नहुँदा जिल्ला समन्वय समिति नुवाकोटसमेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन त्रुटिपूर्ण हुँदा बदरभागी छ। यस कार्यालयको के कुन कार्यबाट विपक्षीको हकाधिकार हनन भएको भन्ने कुरा कही कतै उल्लेख गर्न सक्नुभएको छैन । यस कार्यालयको कुन निर्णयबाट विपक्षीको हक अधिकार कुण्ठित भएको भन्ने कुनै केही उल्लेख गर्न समेत सकेको अवस्था छैन । त्यसै गरी नेपालको संविधान २०७२ को धारा २२० एवं स्थानिय सरकार संचालन सम्बन्धी ऐन, २०७४ को दफा ९२ मा तोकिएबमोजिम जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान, तथा अनुगमन गरी सो सम्बन्धमा सन्तुलन कायम गर्न सम्बन्धित नगरपालिका वा गाउँपालिकासमेत लाई सुझाव दिने आदि जस्ता कार्यहरु लिखित जवाफ प्रस्तुतकर्ताले गरी रहेको अवस्थामा सो तर्फ कुनै विचारै नगरी लाग्दै नलाग्ने रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको जिल्ला समन्वय समिति बिदुर, नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

१८) विदुर नगरपालिकासमेतले आफ्नो जिम्मेवारी कानून बमोजिम निर्वाह गरी रहेको छ भन्ने कुरा विपक्षीले पेश गरेको लिखित जवाफमा नै जिल्ला प्रशासन कार्यालय नुवाकोटका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मिति २०७४।११।३० देखि २०७४।१२।०६ सम्म संयुक्त अनुगमन भएको भनि उल्लेखित व्यहोराबाट नै प्रष्ट छ । सो अनुगमनमा पनि सबै उद्योगहरु एकै खाले अवस्थामा छैनन् । यसरी अनुमति प्राप्त गरेको तर तोकिएको शर्तहरु पुरा नगरेका उद्योग व्यवसायलाई दर्ता गर्ने निकायले आवश्यक निर्देशन दिन सक्ने नै हुन्छ । विपक्षीले रिट निवेदनमा दावी गरिए बमोजिम यस विदुर नगरपालकाले वातावरणिय प्रतिकुल प्रभाव पार्न

सक्ने कार्यहरु रोक्ने जिम्मेवारी र दायित्व पुरा नगरो भनि लिएको दावी सन्दर्भमा त्यस्तो कुनै पनि कार्य भए गरिएको अवस्था छैन। विदुर नगरपालिकाले सदैव विकास र वातावरणबीच समुचित सन्तुलन कायम गर्ने कुरामा सचेत रहँदै जनताको विकासको चाहना परिपूर्ति गर्न आफ्नो ध्यान केन्द्रित गरी रहेको हुँदा रिट निवेदन खारेजभागी छ भन्ने बेहोराको विदुर नगरपालिका विदुर, नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

१९) रिट निवेदकले बेलकोटगढी नगरपालिकालाई बिपक्षी बनाए पनि बेलकोटगढी नगरपालिकाको के कस्तो कार्यले वातारयणीय र पर्यावरणीय सन्तुलनमा खलल पुर्‍याएको हो । त्यसतर्फ स्पष्टसँग देखाउन नसक्नु भएबाट पनि बिपक्षीको रिट निवेदन खारेज भागी छ। यस नगरपालिकाको कुन कार्यले वातावरणिय प्रदुषणमा प्रभाव परेको त्यसमा के कुन कानूनी हैसियत राख्दछ, भन्ने रिट निवेदकले देखाउन नसकेकोले रिट निवेदन खारेजभागी छ खारेज गरी पाउँ भन्ने बेहोराको नुवाकोट जिल्ला बेलकोटगढी नगरपालिकाको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

२०) विपक्षको निवेदनमा उल्लखित त्रिशुली नदी यस गाउँपालिकाको सिमानाले छोएको छैन र आसपाससमेतमा पर्दैन । यस गाउँपालिकाको उत्तरी सिमानामा तादी खोला तथा दक्षिणी सिमानामा लिखु खोला पर्छ । यी खोलाहरुमा ठूला मेसिन प्रयोग गरी ढुङगा, वालुवा तथा रोडा लगायतका सामाग्रीहरु झिकिएको छैन र नदी, पानी र आसपासका क्षेत्रमा व्यापक प्रदुषण गरेको अवस्था छैन । यस गाउँपालिकामा रहेका दुवै उद्योगले नदी पानी तथा आसपासका क्षेत्रमा वातावरणीय प्रदुषण गरेका छैनन् र यस कार्यबाट कुनै प्रकारको हानी नोक्सानी भए गरेको छैन । नुवाकोट जिल्ला क्रसर उद्योगहरुको विवरण संकलनको लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मिति २०७४।११।३० देखि मिति २०७४।१२।०६ सम्म अनुगमन गरिएको, स्थलगत रुपमा अनुगमन गर्दा कति पय उद्योगहरु दर्ता नै नभएका र दर्ता भएका पनि तोकिएको शर्त तथा मापदण्ड पुरा नगरिएकोले अर्का आदेश नभएसम्मको लागि उद्योग बन्द गर्न स्थलगत रुपमै पत्र बुझाउने निर्णय गरे तापनि यस गाउँपालिका सरहदभित्र सञ्चालनमा रहेका उद्योगहरुको काम कारवाही सम्बन्धमा उद्योग बन्द गर्न भनी कुनै उद्योगहरुलाई पत्र बुझाएको थाहा जानकारी यस गाउँपालिकालाई छैन । अनुगमन समितिले गाउँपालिकाभित्र सञ्चालित कुन

उद्योगले के कस्तो वातावरणीय असर पुर्‍याएको हो सो को कारण सहितको कुनै जानकारी गाउँपालिकालाई गराएको अवस्था नहुँदा गाउँपालिकाले सञ्चालनमा रहेका उद्योगहरु बन्द गराउन गर्न सक्ने अवस्था छैन । नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठित अनुगमन समितिले उद्योग बन्द गर्ने भनी गरेको निर्णय *औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ (२) विपरित छ।* अतः माथि उल्लेखित कारणबाट विपक्षी रिट निवदकको माग दावी पुग्न नसक्ने अवस्था हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको नुवाकोट जिल्ला, पञ्चकन्या गाउँपालिका नुवाकोटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

२१) निवेदकले यस कार्यालयको के कुन कार्यबाट निवेदनको हक हनन् भएको हो भन्ने स्पष्ट खुल्न आएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको प्रदेश नं.३ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

२२) बिपक्षी निबेदकले गलत एवं झुठा रुपले त्रिशुली र तादी नदीबाट रोडा, ढुङ्गा, बालुवा संकलन गर्ने सम्पूर्ण उद्योगहरु गैर कानूनी भएको भनि निबेदनमा गलत व्यहोरा उल्लेख गरेका आधारबाट यस सम्मानित अदालतबाट अन्तरिम आदेश जारी भै उक्त आदेशकै आधारमा कानूनी रुपले संचालित हामी निबेदनकहरुका उद्योगलाई समेत बन्द गराएको अवस्था छ । हामी निबेदकहरुले जिल्ला समन्वय समितिले IEE गरी तोकेको स्थानबाट जि.स.स.कै ईजाजत र अनुमती लिई राजश्व बुझाई उद्योग संचालन गरी आएकोमा सो तथ्यलाई बिपक्षी निबेदकले लुकाई यस सम्मानित अदालतमा रिट निबेदन गरेको र हामीलाई बिपक्षी नबनाई दायर भएको उक्त रिट निबेदनमा भएको आदेशबाट निबेदकहरुको उद्योग बन्द हुन पुगेको अवस्था छ । हामीले आफ्नो कुरा, सबुद प्रमाणसमेत दिने मौका नपाई एक्कासी रुपले उद्योग बन्द गरेका कारण निबेदकहरुलाई व्यवसायीक रुपले अत्यन्त ठूलो मार्का र घाटा पुगेको व्यहोरा सादर निबेदन गर्दछौं । नुवाकोट जिल्ला अर्न्तगत त्रिशुली र तादी नदीमा आधारीत विभिन्न क्रसर तथा बालुवा प्रशोधन उद्योगहरु रहेका छन् । सो मध्ये कुनै उद्योगले इजाजत पत्र नै नलिई वा मापदण्ड पूरा नगरी संचालनमा रहेका भए त्यस्तो उद्योगका कारण कानूनी रुपले संचालित निवेदक जस्ता उद्योग बन्द गर्नु पर्ने वा बन्द हुनु पर्ने कदापी पनि होइन । इजाजत पत्र वा मापदण्डको बिषय सामुहिक नभएर व्यक्तिगत वा प्रत्येक संस्थासँग सम्बन्धित बिषय हो । यस सम्मानित

अदालतमा रिट निबेदक राजेन्द्र चित्रकार बिरुद्ध जिल्ला समन्वय समिति नुवाकोट समेत भएको रिट नं.०७४-WO-०७०४ को रिट निबेदनको कारवाहीमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४७(२) बमोजिम हामी निबेदकलाई समेत सरिक गराई उक्त निबेदनमा जारी भएको अन्तरिम आदेश तथा रिट निबेदन खारेज गरी पाउँ भन्ने बेहोराको निवेदक त्रिशुली बालुवा प्रशोधन उद्योगसमेतका तर्फबाट यस अदालतमा पर्न आएको संयुक्त निवेदन।

२३) प्रस्तुत मुद्दामा निवेदकको सरोकार रहेको देखिँदा निवेदन मागबमोजिम सरिक गराई नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०७५।५।६ को आदेश।

२४) यसमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मिति २०७४।११।३० देखि २०७४।१२।६ मा भएको स्थलगत अनुगमन प्रतिवेदन सहितको सक्कल फाइल विदुर नगर कार्यपालिका उद्योग विकास शाखाबाट आदेश प्राप्त भएको १० दिनभित्र पेश गर्न लगाई नियमानुसार गरी पेश गर्नू भन्ने यस अदालतको मिति २०७५।५।६ को आदेश।

२५) यसमा प्रस्तुत रिट निवेदनसँग सम्बन्धित निवेदक राजेन्द्र चित्रकार विरुद्ध डोरमणी पौडेलसमेत भएको ०७५-MS-०००९ नं. को अदालतको अवहेलना निवेदनसाथै राखी मिति २०७५।९।१५ गतेको पेशी तोकी नियमानुसार गरी पेश गर्नू भन्ने यस अदालतको मिति २०७५।९।४ को आदेश।

## आदेश खण्ड

२६) नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी निवेदक राजेन्द्र चित्रकारको तर्फबाट विद्वान अधिवक्ता द्वय ज्योती वानिया र हरिचन्द्र तिमल्सेनाले नुवाकोट जिल्लामा बग्ने त्रिशुली, तादी नदी लगायतका नदीहरुमा कानून बमोजिम IEE र EIA स्वीकृत नगरी कुनै पनि क्रसर, रोडा, ढुङ्गा र बालुवा प्रशोधन कार्य नगर्नु, नगराउनु, अनुगमन प्रतिवेदनबाट गैरकानूनी रुपमा सञ्चालन भई आएका क्रसर र बालुवा प्रशोधन उद्योगहरुलाई सञ्चालन गर्न नदिनु, संचालन नगर्नु, नगराउनु तत्काल बन्द गर्नु, गराउनु, नियन्त्रण र नियमन गर्नु, नुवाकोट जिल्लामा वातवारण संरक्षण गर्नु, गिट्टी बालुवा, धुलो आदिको नियमन गर्नु वातावरणीय पर्यावरणमा खलल पुग्ने तथा उत्खनन, दोहन र संकलन गर्ने कार्य नगर्नु नगराउनु भन्ने समेतको परमादेशको आदेश र उल्लेखित गैरकानूनी रुपमा क्रसर उद्योग, बालुवा प्रशोधन उद्योग, बालुवा

खानी आदि अनुमति दिने गरी कुनै निर्णय काम कारबाही भएको भए उत्प्रेषणको आदेशद्वारा बदर गर्नु गराउनु र विपक्षीले गैरकानूनी रुपमा सञ्चालित उद्योगहरुलाई विद्युत प्रवाह गरिरहेकाले सो समेत बन्द र बदर गर्नु गराउनु र सरकारी र सार्वजनिक जग्गा प्रयोग गरी त्रिशुली, तादी आदि नदीमा विभिन्न व्यक्तिहरुले चरम दोहन र गैरकानूनी कार्य गरिरहेकोले नदीको स्वरुप विकृत, प्रदुषित भएकाले सार्वजनिक सम्पत्ति संरक्षण गर्नु भन्ने समेतको परमादेशयुक्त प्रतिषेध लगायत अन्य जो चाहिने आदेश विपक्षीहरुका नाउँमा जारी गरी पाउँ भनी पाउँ भनी बहस गर्नुभयो । विपक्षी नेपाल सरकार र सरकारी निकायहरुसमेतका तर्फबाट सह न्यायाधिवक्ता श्री ध्रुवकुमार चौहानले नेपाल सरकार कानूनी व्यवस्था तथा सो अन्तर्गत बनेका नियम, कार्यविधि तथा निर्देशिकाहरु कार्यान्वयन गर्ने कुरामा प्रतिवद्ध र क्रियाशीलसमेत रहेको छ । नेपाल सरकारका सम्बन्धित निकायहरुबाट वातावरण संरक्षण तथा प्राकृतिक स्रोत साधनको समुचित प्रयोगमा संवेदनशील रही सबै उद्योग कलकारखानालाई कानूनी दायरामा ल्याउने सम्बन्धमा निरन्तर पहल गरिरहेको छ । सम्मानित सर्वोच्च अदालतबाट ०६६-WO-५२१ को रिट निवेदनमा मिति २०६७।०४।२१ मा भएको आदेशबमोजिमको समिति गठन भई उक्त कार्य टोलीले आफ्नो प्रतिवेदनसमेत यस मन्त्रालयमा बुझाई उक्त प्रतिवेदनबमोजिम हाल कार्य भै रहेको अवस्था छ । उक्त मितिको आदेशबमोजिम प्राविधिक समिति गठन भै सो समितिले स्थलगत निरीक्षण गरी अवैध देखिएका क्रसर उद्योगहरु स्थानान्तरण वा बन्द गर्ने तर्फ कारवाही अगाडि बढाई रहेको अवस्थासमेत भएको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने गर्नु भएको बहस तथा विपक्षीहरु प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नम्बर ३ को तर्फबाट मुख्य न्यायाधिवक्ता ओम प्रसाद थपलियाले निवेदकले यस कार्यालयको के कुन कार्यबाट निवेदनको हक हनन् भएको हो भन्ने स्पष्ट खुल्न आएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नी गर्नु भएको बहस तथा विदुर नगर कार्यपालिका, उद्योग विकास शाखा, नुवाकोटको तर्फबाट गजेन्द्र आर्यालले, लिखु गाउँपालिकाको तर्फबाट भिमप्रसाद ढकालले, बेलकोटगढी नगरपालिकाको तर्फबाट श्रीराम पाण्डेसमेतले नुवाकोट जिल्लामा रहेका क्रसर तथा वालुवा प्रशोधन उद्योगहरुको अनुगमन गर्ने क्रममा जिल्ला प्रशासन कार्यालय नुवाकोटका प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा २०७४/११/३० देखि २०७४/१२/०६ सम्म भएको संयुक्त अनुगमन

टोलीबाट समेत क्रसर उद्योगहरुलाई दर्ता नभएका/दर्ता भएपनि शर्त एवं मापदण्ड पुरा नगरेका उद्योगहरुलाई अर्को आदेश नभएसम्मको लागि उद्योग बन्द गर्नको लागि निर्णय गरी स्थलगत रुपमा नै पत्र वुझाइएको अवस्था रहेको छ । विपक्षीलको निवेदन दावी जस्ता गैरकानूनी रुपले क्रसर उद्योगहरु संचालन गर्न दिएको, नागरिकको मौलिक हक हनन भएको भन्ने सम्वन्धमा गैरकानूनी रुपमा कुनै उद्योग संचालन गर्न नदिएको र नागरिकको मौलिक हकको हनन हुने गरी कुनै पनि कार्य नगरेको हुँदा विपक्षीको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भनी बहस गर्नु भयो ।यस अदालतको आदेशानुसार रिट निवेदनको काम कारवाहीमा सरिक गराइएका निवेदक त्रिशुली बालुवा प्रशोधन उद्योगसमेतका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता द्वय श्री हरिहर दाहाल र श्री शम्भु थापा तथा अधिवक्ताहरु श्री बल्लभ बस्नेत, श्री राम प्रसाद घिमिरे, श्री सुरेन्द्र कोइरालाले हामीलाई बिपक्षी नबनाई दायर भएको रिट नं.०७४-WO-०७०४ को निबेदनमा यस सम्मानित अदालतबाट, अन्तरिम आदेश जारी भै उक्त आदेशकै आधारमा कानूनी रुपले संचालित हामी निबेदकहरुका उद्योगलाई समेत बन्द गराएको अवस्था छ । हामीले आफ्नो कुरा, सबुद प्रमाणसमेत दिने मौका नपाई एक्कासी रुपले उद्योग बन्द गरेका कारण निबेदकहरुलाई व्यवसायीक रुपले अत्यन्त ठूलो मार्का र घाटा पुगेको अवस्था छ । कानूनी रुपले संचालित निवेदक जस्ता उद्योग वन्द गर्नु पर्ने वा बन्द हुनु पर्ने अवस्था नभएकोले निबेदनमा जारी भएको अन्तरिम आदेश तथा रिट निबेदन खारेज गरी पाउँ साथै कानूनी रुपले संचालित निवेदकहरुको वन्द उद्योगहरु खोली पून: संचालन गरी पाउँ भनी बहस गर्नु भयो ।

२७) दुवै पक्षका कानुन व्यवसायीहरुको बहस सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन? तत्सम्वन्धमा निर्णय दिनुपर्ने देखियो ।

२८) यसमा रिट निवेदकले नुवाकोट जिल्लामा बग्ने त्रिशुली, तादी नदी लगायतका नदीहरुमा गैर कानूनी रुपमा कानून बमोजिम IEE र EIA स्वीकृत नगरी संचालित क्रसर, रोडा, ढुङ्गा उद्योग र बालुवा प्रशोधन उधोग, बालुवा खानी तथा अनुगमन प्रतिवेदनबाट गैरकानूनी रुपमा सञ्चालन भई आएका क्रसर र बालुवा प्रशोधन उद्योगहरुलाई सञ्चालन गर्न नदिनु, संचालन नगर्नु, नगराउनु तत्काल बन्द गर्नु, गराउनु, नियन्त्रण र नियमन गर्नु, नुवाकोट जिल्लामा वातवारण संरक्षण गर्नु, गिट्टी

बालुवा, धुलो आदिको नियमन गर्नु वातावरणीय पर्यावरणमा खलल पुग्ने तथा उत्खनन, दोहन र संकलन गर्ने कार्य नगर्नु नगराउनु भन्ने समेतको परमादेशको आदेश र उल्लेखित गैरकानूनी रुपमा क्रसर उद्योग, बालुवा प्रशोधन उद्योग, बालुवा खानी आदि अनुमति दिने गरी कुनै निर्णय काम कारबाही भएको भए उत्प्रेषणको आदेशद्वारा बदर गर्नु गराउनु भन्ने समेतको परमादेशयुक्त प्रतिषेध लगायत अन्य जो चाहिने आदेश विपक्षीहरुका नाउँमा जारी गरी पाउँ भनी माग गरेको देखिन्छ । नेपाल सरकारको कुन निकायले कानूनबमोजिम पालना गर्नुपर्ने कुन कर्तव्य पालन नगरेका कारण निवेदकको हकमा आघात पुग्न गएको हो, सो किटान गरी निवेदन दावी लिन नसकेको, यसै प्रकृतिको रिट निवेदनमा भएको निर्देशनात्मक आदेशबमोजिम ढुङ्गा, गिटी, बालुवाको व्यवस्थापन सम्वन्धमा मन्त्रीस्तरीय समिति गठन गरी सो समितिको सिफारीस कार्यान्वयन गर्न केन्द्र र स्थानीय स्तरमा अनुगमन समिति गठन भई उक्त समितिले अनुगमन गरिरहेको, रोडा, ढुङ्गा, बालुवा र क्रसर उद्योगको सञ्चालन र नियमनको लागि ७७ वटै जिल्ला विकास समिति र सम्वन्धित निकायमा सरकारको तर्फबाट पत्राचार भै सोअनुसार काम भैरहेको, वातावरणीय प्रभाव मुल्याङ्कन नगराई कुनै पनि उद्योग सञ्चालन गर्न नदिइएको र रिट निवेदनमा उल्लेख गरे जस्तो गरी वातावरणीय ह्रास हुने गरी सरकारको तर्फबाट कुनै कार्य नभएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत विपक्षीहरुको लिखित जवाफ रहेको देखिन्छ ।

२९) निर्णयतर्फ विचार गर्दा, निवेदकले मुख्य रुपमा स्वच्छ वातावरण र दिगो विकासको लागि वनजंगल, पानिका मूल, जंगली जनावर, प्राकृतिक तथा खनिज श्रोत साधन, प्राकृतिक सम्पदा, ढुङ्गा, गिटी, रोडा वालुवा, वन पैदावरको सुरक्षा, संरक्षण र वैज्ञानिक तवरले उत्खनन् र उपभोग गर्नु जरुरी हुन्छ। गैर कानूनी रुपमा नुवाकोट र जिल्लाका विभिन्न ठाउँ र आसपासमा संचालित क्रशर, रोडा, गिटी, बालुवा उद्योगको कारण त्यस क्षेत्रको वन जंगल, हरियाली, वन पैदावर, वन्य जन्तु तथा चराचुरुङ्गीको वासस्थान, मुहान स्वच्छ वातावरण प्राकृतिक सम्पदा पूर्ण रुपमा नष्ट हुने अवस्थामा पुगेको छ। गैर कानूनी रुपमा संचालित उद्योग र खानीहरुले सम्बन्धित निकायमा कानून बमोजिम दर्ता गरी अनुमती लिएका पनि छैनन् र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गराएको अवस्था पनि छैन। नुवाकोट जिल्लामा बग्ने त्रिशुली, तादी नदी लगायतका

नदीहरुमा कानून बमोजिम (IEE) र (EIA) स्वीकृती नगरी कुनै पनि क्रशर, रोडा ढुङ्गा र बालुवा प्रशोधन कार्य नगर्नु, नगराउनु, अनुगमन प्रतिवेदनबाट गैर कानूनी रुपमा संचालन भई आएका क्रशर र बालुवा प्रशोधन उद्योगहरुलाई संचालन गर्न नदिनु, संचालन नगर्नु, नगराउनु, तत्काल बन्द गर्नु गराउनु नियन्त्रण र नियमन गर्नु, नुवाकोट जिल्लामा वातावरण संरक्षण गर्नु, गिटी बालुवा धुलो आदिको नियमन गर्नु, वातावरणीय पर्यावरणमा खलल पुग्ने तथा उत्खनन् दोहन र संकलन गर्ने कार्य नगर्नु नगराउनु, सरकारी र सार्वजनिक जग्गा प्रयोग गरी त्रिशुली र तादी आदि नदिमा विभिन्न व्यक्तिहरुले चरम दोहन र गैर कानूनी कार्य गरिरहेकोले नदिको स्वरुप विकृत, प्रदुषित भएकाले सार्वजनिक सम्पत्ती संरक्षण गर्नु भन्ने समेतको परमादेशयुक्त प्रतिषेध लगायत अन्य जो चाहिने आदेश विपक्षीहरुको नाउँमा जारी गरी पाउँ र साथै गैर कानूनी रुपमा क्रशर उद्योग, बालुवा प्रशोधन उद्योग, बालुवा खानी आदिको अनुमति दिने गरी कुनै निर्णय काम कारवाही भएको भए उत्प्रेषणको आदेशद्वारा बदर गर्न गराउनको लागि माग गरिएको छ। निवेदकले बालुवा प्रशोधन र क्रशरका उद्योग र सोका सञ्चालकहरूलाई विपक्षी नबनाई मन्त्रालय, विभाग, सरकारी र स्थानीय निकायहरुलाई मात्र विपक्षी बनाएको अवस्था रहेको छ। बालुवा प्रशोधन र क्रशरका उद्योगहरु नागरिकको पेशा व्यवसाय तथा रोजगारको मौलिक हकसँग सम्बन्धित अधिकार हो भने त्यसको प्रयोग र उत्सर्गबाट निस्केको प्रदुषणको नियन्त्रण, स्वच्छ र स्वस्थ्य वातावरणमा रहन, वस्न र बाँच्न पाउने (Right to Life) नागरिकको मौलिक अधिकार र प्राकृतिक श्रोतहरुको जथाभावी ढंगले गरिने उत्खननबाट वातावरण, प्रकृति, वन, जंगल, प्राकृतिक वनस्पती, पानीको मुहान, जीव र चराचुरुङ्गीहरुको बास स्थानमा पर्ने असर र खोला नदीसँग जोडिएको जमीनको कटान गाउँवस्ती र खेती जमिन आदिको संरक्षण गर्नु पर्ने कार्य समेतलाई सँगसँगै हेर्नु पर्ने हुन्छ। यसै गरी बालुवा प्रशोधन र क्रशरका उद्योगहरुको संचालन देशको विकास गर्ने र अर्थ व्यवस्था र नागरिकको जीवनस्तरलाई बृद्धी गर्ने योजना र लक्ष्यसँग पनि सम्बन्धित भएको हुँदा यी सवै अन्तरसम्बन्ध भएका तत्वहरुलाई सँगसँगै नै व्याख्या विवेचना गरेर हेर्नु पर्ने हुन्छ।

३०। नेपालको संविधानको धारा ३० द्वारा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ भनि वातावरण सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छ । संविधानको धारा १६(१) मर्यादित रुपमा जीवन बाँच्न पाउनर

अधिकार (Right to dignified life) सँग सम्बन्धित छ । संविधानको धारा ५१(छ)(१)मा राष्ट्रिय हित अनुकुल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था गरिएको छ । त्यसैले नेपाल राज्यभित्रका ढुङ्गा, वालुवा, गिटी, रोडा लगायतका प्राकृतिक स्रोत साधन आदि कसैको निजी हुन नसक्ने र सम्पूर्ण जनताको साझा सम्पत्ति हुने कुरा स्पष्ट छ । वातावरण संरक्षण ऐन, २०५३, नियमावली २०५४, खानी तथा खनिज पदार्थ ऐन, २०४२, जलश्रोत ऐन, २०४९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, वन ऐन २०४९ को व्यवस्थाले वन जंगल, नदिनाला, सार्वजनिक स्थान, वगर लगायतको ठाउँमा क्रसर उद्योगहरु संचालन गर्न तथा वालुवा, गिटी, ढुंगा, रोडा इत्यादि उत्खनन्, खोदन र दोहन एवं विदेश सप्लाई गर्न नपाउने स्पष्ट व्यवस्था गरेको छ। खोला, नदी नाला, पानी, वन र जंगल जस्ता प्रकृती र त्यससँग सम्बन्धित जीवजन्तु, जीव प्राणी, घस्रने जन्तु, उड्ने चराचुङ्गी र जलचर, काठ, दाउरा, खनिज पदार्थ, वनस्पती, बालुवा, गिटी, ढुङ्गा आदि प्राकृतिक श्रोतहरुको पारिस्थितिकीय प्रणाली (Eco-System) सँग प्रत्यक्ष रुपमा सम्बन्धित रहेका हुन्छन्। यिनिहरुको उचित प्रयोग, संरक्षण र जगेर्ना गर्नको लागि अन्तर्राष्ट्रिय स्तरमा नै धेरै प्रयासहरु हुँदै आई रहेका छन्।

३१) Rio Declaration र Stockholm Declaration द्वारा स्थापित सिद्धान्त र अवधारणाहरुले Eco-system को संरक्षण र वातावरणीय विवादमा सर्वसाधारणको पहुँचलाई असाध्यै महत्व दिइएको छ । वातावरणसँग सम्बन्धित महासन्धिको पक्ष राष्ट्रको रुपमा सन्धिका प्रावधानहरूलाई सम्मान, (Obligation to respect), संरक्षण (Obligation to protect) र परिपालना गर्नु पर्ने (Obligation to fulfill) दायित्व राज्यलाई सृजना भएको छ । त्यस्तै पृथ्वी शिखर सम्मेलनद्वारा पारित रियो घोषणापत्र (Rio Declaration), एजेण्डा २१ (Agenda 21) र वन सम्बन्धी सिद्धान्तहरू (Principles of Forest) मा समेत नेपालले हस्ताक्षर गरेकाले यी अन्तर्राष्ट्रिय दस्तावेजहरूबाट सृजित दायित्व पूरा गर्नका लागि राष्ट्रिय नीति, कानून र तदनुकूलको संयन्त्रको विकास गर्नु पर्ने हुन्छ।

३२) नेपाल पक्ष भएका वा नेपालले हस्ताक्षर तथा अनुमोदन गरेका अन्तरराष्ट्रिय स्तरका विभिन्न सन्धि वा महासन्धीका प्रावधानहरु हामी जस्ता सदस्य वा सन्धीका पक्ष

भएका राष्ट्रहरुका लागी आधारभूत मार्ग निर्देशनको रूपमा महत्वपूर्ण दस्तावेजको रुपमा रहँदै आएका छन्। संकटापन्न जंगली वनस्पती तथा जीवजन्तुको प्रजातिको अन्तरराष्ट्रिय व्यापार सम्बन्धी महासन्धी (CITES Convention International Trade in endangered Species on wild flora and fauna – March, 3, 1973) जैविक विविधता सम्बन्धी महासन्धी (Convention on Biological diversity, June 1992, Rio de Janeiro) जल पंक्षीको बसोबास जस्ता अन्तराष्ट्रिय महत्वका सिमसार सम्बन्धी महासन्धीका रामसार महासन्धी (Convention on wetlands or International Importance, Feb. 2, 1971) विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धी (Nov. 23, 1973, Paris) अन्तरराष्ट्रिय ट्रापिकल (Tropical) काष्ट सम्झौता आदिमा प्राकृतिक श्रोत व्यवस्थापन तथा जीव र वनस्पती संरक्षणको सुनिश्चितताबाट मात्र वातावरण संरक्षण गर्न सकिने प्रावधान रहेको र तिनको व्याख्या गरिएको छ।

३३) वातावरणको संरक्षण विना स्वच्छ वातावरणको हक र स्वच्छ वातावरण न भै स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको जीवनको अधिकार (Right to life) सुनिश्चित हुन सक्तैन । स्वच्छ वातावरणको अधिकार मानव. मर्यादा, प्रतिष्ठा र सम्मानपूर्ण जीवनको अधिकारसँग सम्बन्धित भएकोले यो अधिकार जीवनको अधिकारसंग अन्तरसम्बन्धित रहेको छ । व्यक्तिलाई मौलिक हकको रुपमा प्राप्त भएको स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकारलाई वर्तमान पुस्ताले संरक्षण गर्दै भावी पुस्तालाई सुरक्षित भविष्यको लागि सुनिश्चित गर्नु पनि हो । यसले भावी पिढीलाई स्वच्छ र स्वस्थ वातावरण प्राप्त गर्ने समन्यायिक अधिकारलाई पनि सुरक्षित गर्दछ।

३४) स्वच्छ वातावरणको हक मानव मर्यादा, प्रतिष्ठा र सम्मानपूर्ण जीवनको हकसँग सम्बन्धित विषय भएको हुँदा वातावरण स्वच्छ र स्वस्थ नभएसम्म नागरिकका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरु सुरक्षित र मर्यादित हुन सक्दैनन्। वातावरण ऐन. २०५३ तथा नियमावली २०५४ ले राष्ट्रिय सम्पदाको संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन, प्रयोगशालाको व्यवस्था, क्षतिपूर्ति दिने र ऐनको उल्लंघन भएमा सजाय समेत हुने कानूनी व्यवस्था र साथै सम्वन्धित पक्ष, निकाय र अधिकारीले अपनाउनु पर्ने कार्यविधि र पुरा गर्नु पर्ने दायित्व समेतको बारेमा उल्लेख गरी

वातावरण संरक्षणलाई जोड दिएको देखिएबाट वातावरण संरक्षणका लागि कानूनले तोकेको दायित्व सम्वन्धित पक्ष, निकाय र अधिकारीले पुरा गर्नुपर्ने हुन्छ ।

३५) प्राकृतिक श्रोतहरुको जथाभावी उत्खनन्, बातावरण प्रदुषणमा नियन्त्रण र बालुवा, रोडा, गिटी र ढुङ्गालाई भारत निकासी गर्न रोकी पाउँ भनी यस्तै प्रकृतिको रिट निवेदक नारायण प्रसाद देवकोटा भएको संवत् २०६६ सालको रिट नं. ०६६-WO-५२१ को रिट निवेदनमा मिति २०६७।०४।२१ मा वातावरण प्रदुषण र प्राकृतिक श्रोतको उत्खनन् र रोडा, गिटी, बालुवा र ढुङ्गालाई भारततर्फ निकासी गर्न रोक लगाउने गरी र साथै ती सबै कार्यको लागी नेपाल सरकारको सम्बन्धित निकायको संयोजकत्वमा एउटा समिति गठन गर्ने भनी भएको आदेश बमोजिम ढुङ्गा, गिटी, बालुवाको व्यवस्थापन सम्वन्धमा मन्त्रीस्तरीय समिति गठन गरी सो समितिको सिफारीस कार्यान्वयन गर्न केन्द्र र स्थानीय स्तरमा अनुगमन समिति गठन भएको देखिन्छ। यस समितिबाट पनि बालुवा, रोडा गिटी र ढुङ्गाको अवैध र वैद्य उत्खनन् र त्यसको प्रयोगको सन्दर्भमा नियन्त्रण गर्न कदमहरु चाले पनि त्यती प्रभावकारी हुन सकेको पाइदैन। त्यस सम्बन्धमा यदाकदा कहि कतै नियन्त्रण गर्न प्रयास गर्न खोजेको देखिन्छ।

३६) प्रस्तुत विवाद त्रिशुली र तादी नदीबाट गैर कानूनी रुपमा रोडा, ढुङ्गा, बालुवा र गिटीको उत्खनन र त्यहाँ बालुवा प्रशोधन र क्रसरका उद्योगहरुको संचालनको विषय भएपनि यो विषय राष्ट्रकै एउटा समस्या भएको छ। चुरे र पहाड त्यसको आसपासबाट निस्केर बग्दै तराई पुगेका नदीहरुमा पनि हिउँदको सुख्खा समयमा समस्याहरु बढ्दो छ। नेपाल हिमाल, पहाड, चुरे क्षेत्र र समथर तराईको भागले ओगटेको छ। यी चारै क्षेत्रमा मझौला र फराकिलो क्षेत्रका साना ठूला नदी र खोलाहरु रहेका छन। यी खोला नदीहरु हिमाल र पहाडदेखि चुरेक्षेत्र हुँदै तराईतिर बगेका छन्। यी नदी र खोलाहरुको किनार, छेउछाउ र नजिकै र केही भित्र क्षेत्रमा मानिसहरुका खेतीपातीका जमिन देखि लिएर गाउँ बस्ती पनि बसेको छ। नजिकै घना वन, जंगल र खरवारी रहेको हुँन्छ। तराई क्षेत्रको नदि र खोला नजिकै फराकिलो खरवारी र वस्तु भाउको लागी चरण क्षेत्र र सामाजिक कार्यको लागी केही खुला क्षेत्रहरु पनि रहेका हुन्छन। नदि र खोलाको क्षेत्रमा साना ठुला पक्की पूल र सडकहरु पनि रहेका हुन्छन्।

३७) त्यहाँका ती नदि र खोलाको क्षेत्र आसपास र छेउछाउँमा गैर कानूनी रुपमा बालुवा प्रशोधन र क्रशरका उद्योगहरुको संचालन, मेशीन, जेसीभी र एक्साभिटरको प्रयोगले रोडा, गिटी, बालुवाको उत्खनन्, प्रशोधन तथा गिटी छान्ने र रात विरात ट्रेक्टर र टिपरबाट ढुवानी गर्ने कार्यहरु संचालन भै राखेको पाइन्छ। त्यस्तो उद्योग र कारखानाहरुले वातावरण संरक्षण ऐन, २०५३ ऐ. को नियमावली, २०५४ र वन ऐन, २०४९ र साथै जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा, ढुङ्गा, संचालन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड, २०७३ र ढुङ्गा गिटी तथा बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ ले व्यवस्था र निर्धारण गरेको कानूनी व्यवस्था र मापदण्डहरुलाई पूर्ण मात्रामा पालना गरेको हुनु पर्दछ। उद्योग स्थापना र संचालन गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण (EIA) र वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) को परिक्षण गराउनु षर्ने कार्यहरु पनि पुरा गराइएको हुँदैन। नदी जन्य वालुवा, रोडा, गिटी र ढुङ्गा जस्ता पदार्थहरु कानूनको रित पुऱ्याएर र तोकिएको मापदण्ड भित्र रहेर उत्खनन् गर्ने गरिएको छ छैन? उद्योगहरु कानूनले तोकेको सवै शर्त र मापदण्डहरु पुरा गरी स्थापना र प्रत्येक वर्ष नविकरण भए नभएको? र तोकिएको मापदण्डहरु पुरा गरेर संचालन भै राखे नराखेको? खोला र नदीमा गैर कानूनी ढंगले जथाभावी रुपमा ट्रेक्टर, टिपर, एक्साभेटर र जेसिभी जस्ता साधनहरु प्रवेश गरे नगरेको? सम्बन्धमा स्थानीय सरकार र प्रशासनिक निकायबाट समय समयमा निरिक्षण अनुगमन भै प्रतिवेदन तयार गरी पेश गर्ने गरेको पनि देखिंदैन। सवै नदी, चुरेक्षेत्र र खोलामा भै राखेको रोडा, गिटी र बालुवाको उत्खनन् र त्यहाँ स्थापित र संचालित बालुवा प्रशोधन र क्रशरका उद्योगहरु अव्यवस्थित र मापदण्ड निर्वाध रुपले संचालन भै राखेको अवस्था देखिन्छ।

३८) अधिकांशतः बालुवा प्रशोधन र क्रशरका उद्योगहरु खोलाको माथि छेउमा जमिनमा रहेका छन्, कतिपय सार्वजनिक जग्गामा पनि रहेको स्थिति छ। यस्ता अधिकांस उद्योगहरु गैरकानूनी प्रक्रियाबाट संचालित भैरहेका हुन सक्दछन्। कानूनी रुपमा दर्ता भएका सवै उद्योगहरु पनि मापदण्ड विपरित संचालन हुने गरेका छन्। नदी र खोलामा विना अनुमती गैरकानूनी ढंगले रात विरात ट्रेक्टर, टिपर, एक्साभेटर र जेसिभीहरुको निर्वाध प्रवेश र प्रयोग भैराखेका हुन्छन्। यिनीहरुलाई नियमितता र मापदण्ड भित्र रहेर सञ्चालन गराउनमा स्थानीय सरकार, निकाय र प्रशासनले पनि

नियमित रुपमा कुनै चासो र सक्रियता अपनाउने गरेको देखिंदैन। त्यस्तो कार्यले नदी खोला, वन पैदावर, जंगल, माटो, पानी, जलचर, जीव प्राणी, घर्सने र हिड्ने दौड्ने, जीव जनावर सबै एक अर्कासँग सम्बन्धित र परनीर्भर रहेको पारिस्थितिकिय प्रणालीमा (Eco-System) नै असर पुग्न जान्छ। यसको समग्र असर र प्रभाव वातावरणको सम्पूर्ण क्षेत्रमा पर्न जान्छ।

३९) बालुवा, रोडा, गिटी र ढुङ्गा प्राकृतिक श्रोतहरु हुन। पहाडका ढुंगा र चट्टानहरुबाट नदि र खोलामा वर्षेनी यिनीहरुको जम्मा हुने क्रम निरन्तर भैरहेको हुन्छ। भवन, सडक, पूल आदि भौतिक संरचना निर्माणको कार्यमा यिनीहरुको अत्यधिक उपयोग हुने गर्दछ। बालुवा, रोडा, गिटी र ढुङ्गा पाउने स्थान पहाड, वनजंगल भित्र र त्यस क्षेत्रबाट बगेर आउने अस्थायी वा स्थायी खोला र नदिहरु नै हुन। यिनीहरुलाई त्यहाँबाट उत्खनन् गरेर ल्याउने गरिन्छ। विगतको एक समयमा रोडा, गिटी, बालुवा र ढुङ्गा खुला रुपमा भारततर्फ पनि निकास हुने गरेको थियो। उक्त निकासीको कार्य २०६६ सालको रिट नं. ०६६-WO-०५२१ को उत्प्रेषण परमादेश मुद्दामा मिति २०६७।४।२१ मा भएको आदेशले बालुवा रोडा गिटी र ढुङ्गालाई भारततर्फ निकासी गर्ने सरकारको नीतिलाई नियन्त्रण गरेको छ। बालुवा रोडा, गिटी र ढुङ्गा भारततर्फ निकासा गर्ने कार्यलाई अदालतले नियन्त्रण गरे पनि यसलाई खुला गरिदिनु पर्छ भनी बालुवा र क्रशर उद्योगका व्यवसायीहरुले राष्ट्रियस्तरमा नै निरन्तर रुपमा सम्बन्धित सबै निकाय र अंगहरुमा दबाव दिई रहेका छन्। यस कारणले सरकारले पनि समय समयमा रोडा, गिटी, बालुवा र ढुङ्गालाई भारततर्फ पनि निकासी गर्ने कार्य खुला गर्ने नीति ल्याउने प्रयास गरिरहेको हुन्छ।

४०) खोला र नदिको बालुवा, रोडा र गिटी उत्खनन् गर्न स्थानीय प्रशासनले निश्चित मापदण्ड तोकेर ठेक्कामा दिएको हुन्छ। प्रारंभिक वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवदेनमा चार पाँच फिटसम्म मात्र गहिरो उत्खनन् गर्न सकिने शर्त रहेको हुन्छ। हिडदमा दुई, चार, पाच, फिट भन्दा बढी गहिऱ्याईमा उत्खनन् गर्न नपाउने शर्त उल्लंघन गरेर दश, पन्ध्र फिटसम्म गहिऱ्याई गरेर नदी र खोलामा बालुवा र रोडा गिटी उत्खनन गर्ने कार्य भै रहेको छ।

४१) प्राकृतिक श्रोत र त्यस मध्येको हिमाल, पहाड, चुरे क्षेत्र र समथर तराई क्षेत्रका खोला नदीको ढुङ्गा, रोडा, गिटी, बालुवाको अव्यस्थीत उत्खनन र गैर कानूनी रुपमा

त्यस क्षेत्रमा संचालित जेसिभि र एक्साभेटरको प्रयोग, बालुवाको प्रशोधन र रोडा गिटीको क्रशर उद्योगहरुको संचालन कार्यले त्यस क्षेत्रको खोला, नदी, जमीन, गाउँ वस्ती र वनलाई नोक्सान पुऱ्याई रहेको हुन्छ। अहिले नेपालमा ४४ दशमलव ३६ प्रतिशत देशको क्षेत्रफल ओगटेको वन वार्षिक करिव २ प्रतिशतका दरले मासिदैछ। वनको नोक्सानीले तापक्रम बढ्न र हावा प्रदुषित हुन जान्छ। नेपालको विशेषत राजधानी उपत्यकाको वातावरण विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड भन्दा १० गुणा खराव बन्न गएको छ। प्राकृतिक श्रोतको अव्यवस्थित दोहनले नदी र खोलाले आफ्नो बहावलाई फेरेर नदी र खोलाको छेउछाउका जमिन र खेतको माटो बगाउने गरेको छ। पहाडमा पहिरो, तराईमा बाढी र नदी कटान भएर खेत र वस्तीमा बाढीको पानी पसेर क्षति पुऱ्याउने गरेको छ। नेपालको गिट्टी बालुवाको श्रोत नै चुरे पहाड हो, यो अत्यन्तै कमजोर छ, चुरेक्षेत्र पानीको श्रोतको साथै मलिलो माटो, पहाड र तराईको क्षेत्रलाई संरक्षण गर्ने बलियो आधार हो। यस्तो तरिकाबाट वर्षेनी भैरहेको खोला र नदी दोहनको कार्यले खोला एक ठाउँमा मात्र बढी गहिरिएको हुन्छ र वर्षाको भेल साविकको स्थानबाट नबगी जता गहिरो छ, त्यतै नदी र खोलाको बहाव परिवर्तन हुने गर्दछ। खोला भन्दा खेत बढी अग्लो भएर खेतमा सिंचाई गर्ने पानी पुऱ्याउन नै मुश्किल पर्छ। नदी र खोलामा अनियन्त्रित र अव्यवस्थित रुपले भैरहेको उत्खनन् र दोहनको कार्यले बाढी आउँदा नजिकको गाउँ वस्ती, खेत र फाँटहरु डुबाउने र खेतीयोग्य जमिनलाई कटान गर्ने गरेको पाइन्छ। प्राकृतिक श्रोतको उत्खनन् र दोहनको विस्तारले जथाभावी रुख फडानी गर्ने क्रियालाई पनि बढावा र प्रोत्साहित गर्दा, पधेरा र खोल्सा खोल्सीका पानीका मूलहरुलाई प्रभावित पारेको छ, यसबाट मानवजाती र वनजंगलका जीवजन्तुहरुलाई नराम्ररी असर पुऱ्याई रहेको छ। यदि तिनीहरुलाई दिगोपन दिन सकिएन भने रुख र वन जंगलको विनासले माटोलाई संरक्षण गर्न नसकी कमजोर बनाउने हुँदा बाढीको संभावना बढी रहन्छ।

४२) भूमिगत पानीको सतह घटने गर्छ, नदीले आफ्नो बहावको धार परिवर्तन गर्छ, किनारका जमीनको माटो खुकुलिने कारण कटान बढ्ने र खेतबारी र वस्तीमा बाढी पस्न जान्छ। परिणामतः विस्तारै ढिलो चाडो, तराई मधेशका धेरै भाग समथर मरूभूमीमा परिणत हुन पुग्दछन्। खाद्य उत्पादनमा आत्म निर्भर भै रहेको हाम्रो मुलुकका खाद्य आयात गर्नु पर्ने स्थितिको समस्या हुन गै रहेको छ।

४३) प्राकृतिक श्रोत माथिको विनासले जलवायु परिवर्तनमा पनि गम्भिर असर पारेको छ। नेपालमा पनि राजधानी काठमाडौंमा ३६ डिग्रीसम्म तापक्रम पुग्न गएको छ। हिमाली क्षेत्रमा शून्य दशमलव ६ (०.६) डिग्री सेल्सियसको दरले तापक्रम बढनजादा हिमश्रृङ्खलाहरु पग्लन गएका छन्। पानीका मुहान सुक्दै जानथालेका छन्, हिमतालहरु फूटन लागेका छन्, अनावृष्टी र अल्पवृष्टि जस्ता समस्याहरु देखा परिरहेका छन्, दुई हजार मिटरसम्मको उचाईसम्म लामखुट्टे देखा पर्न थालेका छन्, वन्यजन्तु लोप हुदैछन्, हैजा जस्ता महामारी बर्सेनी फैलिरहने संभावना भै रहेको हुन्छ। वर्षेनी बाढीको समस्या बढ्ने र नदीनालाको सतह घट्दै जानुको कारण वातावरण विनासका परिणामहरु नै हुन । नदी खोला र चुरेक्षेत्रमा हुने गरेको ढुङ्गा, रोडा, गिटी र बालुवाको बढ्दो उत्खननको कार्यबाट वन जंगलमा भएको क्षति र वन जंगलको फडानी समेतका कारणले तापक्रम बढी रहेको छ र यसले पनि जलवायु परिवर्तनमा गम्भिर प्रभाव पारिरहेको छ। एशियाली विकास बैंकको प्रक्षेपणानुसार सन् २००० सम्ममा दक्षिण एशियामा ४ देखि ५ डिग्री सेन्टीग्रेडसम्म तापक्रम बढने छ। त्यस्तै आईसिडिले सन् २०१५ मा गरेको एक अध्ययन अनुसार विश्वव्यापी तापक्रम यही गतिमा बढ्ने हो भने सन् २०६० सम्ममा विश्वको कुल ग्राहस्थ उत्पादनमा १ प्रतिशत देखि ३ दशमलव ३ प्रतिशतसम्म र सन् २१०० सम्ममा २ प्रतिशत देखि १० प्रतिशतसम्म नोक्सानी हुनेछ। यसप्रकार जलवायु परिवर्तन र तापक्रम वृद्धिले विश्वमा वन जंगल, जैविक विविधता, कृषि, जलसम्पदा, हिमालय, पर्यटन, उर्जा र मानव स्वास्थ्य जस्ता सम्पूर्ण पक्षमा असर परिरहेको छ। जलवायु परिवर्तनमा पर्ने प्रभावलाई रोक्नको लागि वन जंगल र चुरेभावरको समेत संरक्षण हुन जरुरी छ।

४४) बालुवा र गिटी मध्ये विशेषतः बालुवा संसार कै सब भन्दा बढी उत्खनन् र प्रयोग हुने वस्तु हो। यसलाई उत्खनन् गर्ने कार्य अव्यवस्थीत र अनियन्त्रीत रुपमा बढ्दै र फैलदै गएको पाइन्छ। यसको उत्खनन्को क्षेत्रमा वातावरणविद्हरुको स्वर पनि त्यती मत्थर छैन। संसारमा यो नै कम नियमित र संभवतः बढी नै भ्रष्ट रहेको र वातावरणलाई नोक्सान पुर्‍याउने क्षेत्र हो। यस माथिको कमजोर निरिक्षण र अनुगमन प्रणालीले यसमा अनियमितता पनि बढी रहेको र समग्र वातावरणको क्षेत्रलाई प्रतिकूल प्रभाव पारिरहेको छ। यस क्षेत्रको कार्यमा "आपराधिक गिरोह" र "माफियाहरु" पनि त्यतिकै सक्रिय रहेका हुन्छन्, जसले अवैध ढंगले बालुवा र

गिटीको उत्खननको कार्य गर्ने गर्दछन् र त्यसमा अवरोध पुऱ्याउनेहरु उपर लुकेर, छलेर वा परोक्ष रुपमै पनि सांघातिक आक्रमणहरु गर्ने गर्दछन, गराउँछन र हुने गरेको पाइन्छ। हिंसात्मक समूहले अवैध ढंगले बालुवा र रोडा उत्खनन् गर्नेलाई सुरक्षा दिइरहेका हुन्छन्। यो अहिले विश्व भरीको नै विकराल समस्याको रुपमा अघि बढिरहेको छ। यस क्षेत्रमा कुनै कानून बनाएर नियन्त्रण र व्यवस्थित बनाउन सकिएको छैन। विश्वमा श्रीलंका एउटा देशले मात्र नदिको बालुवा र गिटीहरु उत्खनन् गर्ने कार्यको सम्बन्धमा ऐन बनाएर नियमित गरेको पाइन्छ।

४५) सं. रा. सं. को वातावरणीय कार्यक्रम (United Nations Environmental Programme) को एउटा अनुमानले एक वर्षमा विश्वमा चालिस विलियन टन भन्दा बढी बालुवाको खपत हुने गर्दछ। यो कार्यबाट वातावरणमा पर्ने असरको सम्बन्धमा भने बहुत कम मूल्याङ्कन गर्ने गरिन्छ। यसका ऐन कानूनहरु पनि कमजोर रहेका हुन्छन्। बालुवा र गिटी उत्खनन गर्ने तौर तरिकाबारे खास किसिमको वैज्ञानिक पद्धतीको अभावले पनि बालुवा र रोडा उत्खनन्मा भेदभाव र असमान परिस्थितिलाई सृजना गरेको छ भने कमजोर प्रसासनिक प्रणाली र आर्थिक अनियमितताले पनि बालुवा र गिटीको गैरकानूनी उत्खननको कार्य बढी रहेको पाइन्छ।

४६) सन् १९२२ मा स्टकहोममा भएको मानवीय वातावरण सम्बन्धी सम्मेलनले जारी गरेको घोषणापत्र, १९८७ मा विश्व वातावरण आयोगद्वारा प्रकाशित "हाम्रो साझा भविष्य" भन्ने पुस्तक र सन् १९९२ मा रियो द जेनेरियोमा सम्पन्न सम्मेलनमा जारी भएको घोषणापत्रहरुले अघि सारेका वातावरण कानूनका मूख्य पाँच सिद्धान्त मध्ये प्रस्तुत विवादको सन्दर्भमा दुई सिद्धान्त दिगो विकासको सिद्धान्त (Principles of Sustainable Development) र सार्वजनिक न्यासको सिद्धान्त (Principles of Public trust) महत्वपूर्ण रुपमा रहेका हुन्छन् र यी सिद्धान्त अन्तर्गत प्राकृतिक श्रोतको दिगो रुपमा उपयोग गर्दा अन्तरपुस्ता र समपुस्ताको बीचमा पनि समन्याय (Equity) हुन पर्ने भन्ने अवधारणालाई सँगसँगै नै हेर्नु पर्ने हुन्छ।

४७) रोडा, गिटी, बालुवा र ढुङ्गा उत्खनन गर्ने कार्यको सिधा सम्बन्ध विकास निर्माण र वातावरणसँग प्रत्यक्ष रुपमा जोडिएको हुन्छ। हिमाली, पहाडी, चुरेक्षेत्र र तराईका वन जंगलमा लोपोन्मुख जीव जन्तुहरु, ठुला साना चरा चुरुङ्गी, जीवहरुको वासस्थान र जडिबुटीका वनस्पतीहरु रहेका छन्। नदी जन्य प्राकृतीक श्रोतहरुको गैरकानूनी, अनियन्त्रित र जथाभावी रुपले उत्खनन गर्दा वातावरण, गाउँ वस्ती, खेतीयोग्य

जमीन र वन जंगल, वनस्पती, जीवजन्तु आदिलाई प्रत्यक्ष रुपमा प्रभाव र असर पारिरहेको हुन्छ। यी समस्त स्थिति र चीजहरुलाई गंभीर रुपमा असर र प्रभाव पारेर विकास निर्माणको कार्यको लागि भनी नदि जन्य बालुवा, रोडा, गिटी र ढुङ्गा जस्ता प्राकृतिक श्रोतहरुको जथाभावी रुपमा उत्खनन् र दोहन गर्ने कार्यलाई किन्चित पनि प्रश्रय दिनु हुँदैन।

४८) मानवीय आवश्यकता परिपूर्तिको लागि गरिने विकास निर्माणका कार्यहरू प्रकृति संरक्षण र पर्यावरणबीचको सन्तुलन (Equilibrium) कायम राख्नेतर्फ केन्द्रित हुन पर्दछ । वर्तमान पुस्ताको स्वच्छ वातावरण रहन पाउने अधिकारलाई संरक्षित गर्दै भावी पुस्ताको लागि पनि स्वच्छ वातावरण सुनिश्चित गर्न भौतिक विकास र वातावरण संरक्षण बीच समुचित सन्तुलन कायम गर्नु पर्दछ। स्वच्छ वाताक्ण र दिगो विकासको लागि वनजंगल, पानीका मूल, जंगली जनावर, प्राकृतिक तथा खनिज स्रोत साधन, प्राकृतिक सम्पदा, ढुङ्गा, गिटी रोडा, वालुवा, वन पैदावरको सुरक्षा र संरक्षण गर्नको साथ साथै वैज्ञानिक तवरले उत्खनन् र उपभोग गर्न जरुरी हुन्छ । गर्दै प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट स्वच्छ तथा स्वस्थ्य वातावरण कायम र वातावरणीय ह्रासलाई कम गर्दै दिगो विकास र साथै वातावरण संरक्षण गर्ने ध्येय राख्नु पर्दछ।

४९) प्राकृतिक श्रोतहरु सार्वजनिक न्यासको सिद्धान्त (Public Trust Principle) अन्तर्गत राज्य र त्यस भूगोलमा बस्ने जनताका पनि साझा सम्पती हुन। राज्य देशकै अभिभावक र संरक्षक (Trustee, Guardian or Protector) भएको हुँदा संविधान र कानूनको माध्यमद्वारा त्यसको संरक्षण गर्नु पर्ने दायित्व पनि उसको हुन जान्छ। साथै राज्यले यस्तो राष्ट्रिय प्रकृतीको साझा सम्पत्ती जस्तो प्राकृतिक श्रोत कानूनको प्रक्रिया अपनाएर ठेक्का र टेण्डरमा दिए पनि गैर कानूनी तरिकाले कानूनी सिमा र दायरा भन्दा बाहिर गएर वन, जंगल, घाँस, दाउरा, पानी, वनस्पती, जीव जन्तुको वासस्थान, गाउँ वस्ती, जमीन, प्रकृती जस्ता आम समुदाय, वातावरण र प्राणी जगत सँग सम्बन्धित चीजवस्तु र क्षेत्रलाई असर पुऱ्याउने गरी जथाभावी अनियन्त्रित रुपमा उत्खनन गर्ने अधिकार कसैलाई पनि हुँदैन।

५०) विकासको कार्य राष्ट्र र सार्वजनिक हितकै लागि हुने भएपनि समग्र वातावरण र त्यस क्षेत्रका गाउँ, वस्ती, वन, जंगल, पानी, वनस्पती र जमीनसँग सरोकार राख्ने आम जनता र समस्त जीव प्राणीहरुको वासस्थान समेतलाई असन्तुलीत रुपमा

प्रभाव र असर पार्ने गरी गरिने विकास निर्माणको कार्यलाई दिगो विकास र सार्वजनिक न्यासको (Sustainable Development and Public Trustee) सिद्धान्त र अवधारणाले अनुमती दिदैन। रोडा, गिटी, बालुवा, ढुङ्गा, पानी, जंगल, वनस्पती, स्वच्छ वातावरण र स्थीर जलवायु, जीवजन्तु र प्राणीको वासस्थानहरु दिगो भौतिक विकासको तुलनामा अझ दिगो र चिरकाल पर्यत्न सम्म रही रहन पर्छ। यी सबै कुराहरु एउटा समयकाल र पुस्ताले मात्र प्रयोग गर्ने भन्ने होइन, यी त समपुस्ता र समन्यायको सिद्धान्त बमोजिम वर्तमान पुस्ताले आवश्यक मात्रामा सदुपयोग र संरक्षण गर्दै अन्तरपुस्ता समन्यायको सिद्धान्त अन्तर्गत भावी पिढी र पुस्ताको लागि पनि जस्ताको त्यस्तै रुपमा हस्तान्तरण गर्नु पर्ने हुन्छ। यसरी दिगो विकासको सन्दर्भमा प्राकृतिक श्रोतहरुलाई दिगो विकास (Sustainable Development), सार्वजनिक न्यास (Public Trust), अन्तरपुस्ता समन्याय (Intergenerational Equity) र समवंशीय समन्याय (Intra-generational Equity) को सिद्धान्त र अवधारणको बीचमा संतुलित र समन्यात्मक किसिमको सम्बन्ध राखी प्रयोग गर्नु पर्दछ।

५१) विकास एउटा पाटो हो र प्रकृती, श्रोत र वातावरणको संरक्षण गर्नु पर्ने अर्को पाटो हो। यी दुवै बीच गम्भिर र योजनावद्ध रुपमा नै संतुलित हुनु पर्छ। प्राकृतिक श्रोतको अव्यवस्थीत उत्खनन् र दोहनले प्रकृती, जमीन, वनजंगल र वातावरणलाई गम्भिर क्षति र असर पनि पुऱ्याउन भएन भने तिनीहरुको पनि योजनावद्ध ढंगले संरक्षण गर्दै विकासको गतिलाई पनि बढाउँदै लैजानु पर्छ। अपरिहार्य रुपमा आवश्यक भएको र नगरी नहुने ठाउँमा विकास गर्दा प्रकृती, वन, जंगल, पानी, रोडा, गिट्टी, बालुवा आदिको उत्खनन् र तिनीहरुको उद्योग र व्यवसाय संचालनको कार्यलाई पनि योजनावद्ध र व्यवस्थीत ढंगले नै संचालन गर्नु पर्ने हुन्छ।

५२) स्वच्छ वातावरणको हक र विकास सम्बन्धी अधिकार एक अर्काका विपरीत नभई परिपूरक हुनु पर्ने मान्यतालाई स्वच्छ वातावरणको हकले निर्देशित गर्न सक्नुपर्छ। मानव र पर्यावरणबीचको अन्तरसम्बन्ध र अन्तरनिर्भरताले नै दिगो विकासलाई टेवा पुऱ्याउने भएकोले दिगो विकासको लागि मानवीय आवश्यकताको पूर्ति र विकासको कार्यक्रमलाई वातावरणसँग सन्तुलित रुपमा आवद्ध गर्न वातावरण र विकासलाई सहयात्रीको रुपमा सञ्चालन गर्नु पर्छ । दिगो विकास बिना आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार जोखिममा पर्न सक्छन्। विकास र वातावरणलाई एक अर्काको सहायक र पुरकको रुपमा नै हेर्नु पर्छ। यदि पृथ्वी नै सुरक्षित रहेन भने विकास

कुन स्थानमा गर्ने हो? पृथ्वी सरक्षीत नरहे पृथ्वीका महत्वपूर्ण रुपका सिमित श्रोतहरु विलिन हुन पुग्छन्।

५३) नेपालमा वातावरण सम्बन्धी कानून न भएर हैन कि भएर पनि त्यसको कार्यान्वयन पक्ष फितलो भएकोले वातावरण सम्बन्धी सुशासन कमजोर हुन गएको हो। वातावरण व्यवस्थापनको लागि धेरै क्षेत्रका पदाधिकारीहरु छन् तर तिनीहरुको बिचमा कमजोर किसिमको सम्बन्ध रहेको छ। प्रदुषण नियन्त्रणको नीतिलाई भन्दा विकास सम्बन्धी नीतिहरुले बढी भन्दा बढी रोजगार दिने र आयश्रोत बढाउँनलाई प्राथमिकता दिन्छ, प्रदुषण नियन्त्रणको नीतिमा वातावरण र विकास एउटै सिक्काका दुई पाटा हुन। वातावरणमा विशेष गरी हाम्रो क्षेत्रीय न्यायोपन, हरियो वन जंगललाई पर्ने प्रभाव, प्रतिदिन हावा र पानीमा बढ्दै गरेको प्रदुषणको बारेमा हेर्छौं भने त्यसको साथै गरिवी हटाएर अर्थतन्त्रलाई वृद्धी गरी विकासलाई बाध्यात्मक (mandatory) बनाउने गरिन्छ। अर्थतन्त्रको विकास विना एउटा देश गरिवीको दुष्चक्रबाट बाहिर आउन सक्तैन। यसैले आर्थिक बृद्धी र प्राकृतिक श्रोतहरुको उपयोग बीच महत्वपूर्ण संतुलन कायम गर्न अति आवश्यक हुन जान्छ। स्वच्छ वातावरण विनाको विकास अर्थहिन हुन जान्छ। वातावरण प्राकृतिक श्रोतहरुसँग नजिक र सम्बन्धित हुन्छ। यसैले हाम्रो प्राकृतिक श्रोतहरुलाई भावी सन्ततीहरुको लागि बचाएर राख्नु पर्दछ यसको लागि दिगो विकासको अवधारणालाई मनन् गरेर दुवै बीच सामञ्जस्यता अपनाउनु पर्ने हुन्छ।

५४) संविधानले नागरिकको विभिन्न मौलिक हकको क्षेत्रलाई व्यवस्था गरेको छ। यसमा नागरिकको स्वच्छ वातावरणमा मर्यादित तरिकाले बाँच्न पाउने अधिकारको व्यवस्था समेत रहन गएको छ। यो अवधारणा भित्र देशको प्राकृतिक श्रोत, वनस्पती, वन जंगल, ढुङ्गा, गिटी र बालुवाहरुको उत्खनन, नदी खोला र आसपासका गाँउ वस्ती, जमीन, वन जंगल, पानी, वनस्पती, जीव प्राणीहरुको बासस्थान, सडक र पूलहरुको पनि संरक्षण र कानूनको प्रक्रिया पुरा गरेर व्यवस्थित तरिकाले त्यसको उपयोग पनि गर्दै जानु पर्छ भन्ने नीतिलाई अख्तियार गर्नु पर्ने देखिन्छ। ढुङ्गा, गिटी, रोडा र बालुवाको श्रोत चुरे भावर पहाडका क्षेत्र नै हो, त्यहाँका चट्टान र ढुङ्गा बाट निस्तृत भएका ढुङ्गा, गिटी, रोडा, बालुवाहरुलाई प्रक्रियागत रुपमा व्यवस्थीत तरिकाले व्यवस्थापन गर्दै गएनौं भने हाम्रो नदि, खोला र सो सँग जोडिएका क्षेत्रहरु अग्ला र बस्ती र जमिनहरु होचा हुदै जान्छन् । यस्तो स्थितिले कालान्तरमा बस्ती र

खेतीका जमिनहरु पनि बालुवा र बगरमा परिणत हुन पुग्छन्। यस कारणले पनि नदी र खोलाका गिटी, ढुङ्गा, रोडा र बालुवाहरुको पनि समानान्तर र संतुलित रुपमा निरन्तर उत्खनन भै रहन आवश्यक छ। यसको उत्खनन पनि कानूनी प्रक्रियालाई पुरा गरेर व्यवस्थित तरिकाले हुन जरुरी छ, यसरी उत्खनन् गरिदा वातावरण र पारिस्थितिकीय प्रणाली (Eco- System) बमोजिम त्यससंग आवद्ध क्षेत्रको पनि संरक्षण र स्वच्छता कायम राखी रहन जरुरी छ। अर्को तर्फ नागरिकको पेशा व्यवसाय र रोजगार गर्ने संवैधानिक अधिकार पनि उत्तिकै महत्वपूर्ण रहेको छ। नागरिकको पेशा व्यवसाय र रोजगारको यो मौलिक अधिकार पूर्णतः निरपेक्ष भने होइन। देशको प्राकृतिक श्रोत, सम्पदा, स्वच्छ वातावरण, वनजंगल, जंगली जीवजन्तु, वनस्पतीहरु राष्ट्रिय र साझा सम्पत्ती हुन्, यिनीहरुको स्थायी र दिगो संरक्षण हुन आवश्यक छ, यिनीहरुको दिगो संरक्षण गर्ने हेतु नागरिकको पेशा व्यवसाय र रोजगारको हक उच्च हुन सक्दैन, गौण नै हुन जान्छ। स्वच्छ वातावरण कायम राख्ने र प्राकृतिक श्रोतहरुको संरक्षण गर्ने सम्बन्धमा त्यस्ता सम्पदा वातावरण र प्राकृतिक श्रोत उपर नागरिकको पेशा व्यवसाय र रोजगारको हक स्वच्छन्द र निरपेक्ष रुपमा हावी हुन सक्दैन। यस कारणले देशको हिमाली, पहाडी, चुरे भावर र तराई क्षेत्रमा वगेका र रहेका नदी र खोलाका ढुङ्गा, गिटी, रोडा र बालुवाहरुलाई उत्खनन् गर्ने कार्य कानून र निर्धारित मापदण्डको दायरा भित्र नै रहेर गर्नु पर्दछ।

५५) २०६६ सालमा दायर भएको रिट नं. ०६६-WO-०५२१ को उत्प्रेषण मुद्दामा मिति २०६७।४।२१ मा भएको फैसला पश्चात् रोडा, गिट्टी, ढुङ्गा र बालुवाको उत्खनन् प्रशोधन र बिक्रीको व्यवस्थापनको संवन्धमा सरकारले कार्यगत रुपमा निरन्तर प्रयासहरु गर्दै आएको देखिन्छ। उक्त फैसला पछि ढुङ्गा, गिटी, बालुवाको आन्तरिक उपयोग एवं निकासी प्रयोजनको लागि खानी, नदी किनार तथा वन क्षेत्रबाट उत्खनन् संचालन, बिक्री वितरण गर्दा वातावरणीय प्रतिकूलता, भूक्षय, वन विनाश आदि जस्ता पर्यावरणीय क्षेत्रमा गम्भिर प्रभाव परेको सम्बन्धमा उपयुक्त निर्णय गर्न नेपाल सरकारलाई सिफारिस गर्न नेपाल सरकार (मन्त्रीपरिषद्) ले मिति २०६६।९।२९ मा मन्त्रीस्तरीय समिति गठन गरेको देखिन्छ। समितिले २०६६।१०।६ गते सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठन गरेको कार्यदलले पेश गरेको प्रतिवेदनको आधारमा समितिले ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्, प्रशोधन, ढुवानी र बिक्री वितरण एवं ठेक्का पट्टाको अव्यवस्थित

पद्धतीलाई सुधार गरी नकारात्मक असर रोक्न र यो पद्धतीलाई व्यवस्थित गर्न नेपाल सरकार, मन्त्रीपरिषद्मा तत्काल गर्नु पर्ने कार्यहरु, नीतिगत व्यवस्था र निकासी सम्बन्धी व्यवस्था र विविध विषयमा मिति २०६६।१२।१६ गते प्रतिवेदन पेश गरेको छ। उक्त प्रतिवेदनमा उल्लेखित प्रावधान अनुसार अनुगमन, समन्वय र आवश्यक कारवाही गर्ने गराउने व्यवस्थाको लागि केन्द्रीय अनुगमन समिति, जिल्लास्तरीय अनुगमन तथा समन्वय समिति समेत गठन गरी उनीहरुबाट बालुवा रोडा, गिटी, ढुङ्गाको व्यवस्थापन अनुगमन गर्नु पर्ने भनिएको छ। उक्त प्रतिवेदनमा उल्लेखित कार्यहरु गर्न मन्त्री परिषद्को कार्यालयले मिति २०६६।१२।१७ गते सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन समेत जारी गरेको स्थिति देखिन्छ।

५६) नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७०।०।३।२७ को निर्णयबाट स्वीकृत भएको रोडा, ढुङ्गा, गिट्टी तथा बालुवा नियमन सम्बन्धी प्रतिवेदन पनि कार्यान्वयन गरेको अवस्था देखिन्छ। सरकारले उक्त प्रतिवेदनमा समावेश नरहेका विषयहरुका सम्बन्धमा साविक बमोजिमको प्रतिवेदन २०६७ मा उल्लेखित व्यवस्थाहरुलाई नै कार्यान्वयन गर्नु पर्छ पनि भनेको छ। मन्त्रीपरिषद्को मिति २०७०।०३।२७ को निर्णयानुसार रोडा, ढुङ्गा, गिट्टी तथा बालुवा नियमन तथा विदेश निकासी सम्बन्धी प्रतिवेदन, २०६९ मा उल्लेखित राजमार्ग, खोला किनारा, शिक्षण संस्था, स्वास्थ्य संस्था, आर्थिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय वन, निकुञ्ज र आरक्षण एवं घनावस्तीबाट कायम भएको दुरीको सट्टामा मन्त्रि परिषद्को मिति २०७०।०५।१७ को निर्णयले बेग्लै दुरी कायम गरी लागु गरेकोमा सोको सट्टामा पुनः बनेको रोडा, ढुङ्गा संकलन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड २०७३ लागु हुन आयो। यसैको आधारमा "बागमती प्रदेश, प्रदेश नं. ३ सरकारले" नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ जारी गरेको अवस्था छ। नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७७।०।४।०५ मा "ढुङ्गा, गिट्टी, तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" स्वीकृत भै कार्यान्वनमा रहेकोमा यसका व्यवस्थाहरुको कार्यान्वनमा कठिनाई देखिएको कतिपय व्यवस्था अव्यवहारिक रहेको र केही विषय थप गर्नु पर्ने देखिएबाट उक्त मापदण्डलाई सरोकारवाला हरुसँग परामर्श र सुझाव लिएर परिमार्जन गर्न भनी यो रोडा, ढुङ्गा, गिटी तथा बालुवालाई व्यवस्थित र नियमन गर्न

सरकारले पनि धेरै प्रयासहरु गर्दै आएको छ। अहिले संघीय सरकारबाट ढुङ्गा, गिटी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ जारी गरी यसैको आधारमा रोडा, ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन् प्रशोधन र बिक्रीको कार्यलाई व्यवस्थापन गर्दै आएको देखिन्छ।

५७) नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७०।०३।२७ र मिति २०७०।०५।१७ को निर्णयले पनि श्री सर्वोच्च अदालतबाट २०६६ सालको रिट नं. ०६६-WO-०५२१ को परमादेश मुद्दामा जारी भएको आदेशलाई प्रमुख आधार मानी समय समयमा रोडा, गिट्टी, ढुङ्गा, बालुवाको उत्खनन् र बालुवा प्रशोधन र क्शर उद्योग संचालनको सम्बन्धमा विभिन्न मापदण्ड र शर्तहरु उल्लेख गरी निर्देशिका बनाएर, निर्देशन जारी गरेर व्यवस्थापन गर्दै आएको देखिन्छ। यसरी नै भौगोलिक विषमताको आधारमा जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा ढुङ्गा संकलन तथा क्शर उद्योगको दुरी सम्बन्धी मापदण्ड, २०७३ लागु गरेको आधारमा बागमती प्रदेश, प्रदेश नं.३ सरकारले "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ जारी गरी ढुङ्गा, गिटी, बालुवा आदी उत्खनन, दोहन, संङ्कलन र निकासी गर्ने क्रसर उद्योगहरुको स्थापना र सञ्चालन प्रचलित कानूनको सीमा भित्र रही व्यवस्थापन गरेको देखिन्छ । प्रस्तुत मुद्दा दायर हुनु भन्दा पछि बनेको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी भएकोमा, बागमती प्रदेश सरकारले पनि सोही मापदण्ड अनुसार नीति तथा कानून बनाउने कार्य गरिरहेको अवस्था छ भनी प्रदेश नं. ३ का मुख्य न्यायाधिवक्ताबाट बहसको सिलसिलामा प्रस्तुत हुन आयो।

५८) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ११ ले क्रसर उद्योग सञ्चालनका लागि दुरी सम्बन्धी मापदण्ड तोकेर क्रसर उद्योग सञ्चालन गर्दा देहाय बमोजिमको दूरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ भन्ने व्यवस्था भएको देखिन्छ ।

| क्र.सं | विवरण | कायम दूरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्गको राईट अफ वे बाट | ५०० मिटर |
| २ | खोला वा नदी किनारबाट | ५०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | २ किलोमिटर |

| | | |
|---|---|---|
| ४ | पक्की पुलबाट | ५०० मिटर |
| ५ | अन्तर्राष्ट्रिय सिमाबाट | २ किलोमिटर |
| ६ | वन, निकुञ्ज तथा आरक्षबाट | २ किलोमिटर |
| ७ | घना बस्तीबाट | २ किलोमिटर |
| ८ | हाईटेन्सन लाईनबाट | २०० मिटर |
| ९ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | ५०० मिटर |
| १० | चुरे पहाडको फेदीबाट | १५०० मिटर |

यसै मापदण्डको दफा ११ को (९) मा उपदफा (१) को दूरी सम्बन्धी मापदण्ड पूरा नहुने गरी सञ्चालनमा रहेका क्रसर उद्योगलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्नेछ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने व्यवस्था गरेको देखिन्छ ।

५९) यस अदालतबाट यस्तै प्रकृतिको रिट निवेदक नारायण प्रसाद देवकोटा भएको संवत् २०६६ सालको रिट नं. ०६६-WO-५२१ को रिट निवेदनमा मिति २०६७।०४।२१ मा भएको आदेशबमोजिम ढुङ्गा, गिटी, बालुवाको व्यवस्थापन सम्वन्धमा मन्त्रीस्तरीय समिति गठन गरी सो समितिको सिफारीस कार्यान्वयन गर्न केन्द्र र स्थानीय स्तरमा अनुगमन समिति गठन भई उक्त समितिले अनुगमन गरिरहेको, रोडा, ढुङ्गा, बालुवा र क्रसर उद्योगको सञ्चालन र नियमनको लागि सवै जिल्ला विकास समन्वय समिति र सम्वन्धित निकायमा सरकारको तर्फबाट पत्राचार भै सोअनुसार काम भैरहेको, वातावरणीय प्रभाव मुल्याङ्कन नगराई कुनै पनि उद्योग सञ्चालन गर्न नदिइएको र रिट निवेदनमा उल्लेख गरे जस्तो गरी वातावरणीय ह्रास हुने गरी सरकारको तर्फबाट कुनै कार्य नभएको, वातावरण संरक्षण तथा प्राकृतिक स्रोत साधनको समुचित प्रयोगमा संवेदनशील हुँदै सबै उद्योग कलकारखानालाई कानूनी दायरामा ल्याउने सम्बन्धमा निरन्तर पहल गरिरहेको भनी विपक्षी नेपाल सरकार तथा विभिन्न मन्त्रालयसमेतका लिखित जवाफबाट देखिन्छ ।

६०) नुवाकोट जिल्लाका संचालनमा रहेका क्रसर तथा बालुवा उद्योगहरुको विवरण संकलनको लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मिति २०७४।११।३० देखि २०७४।१२।०६ सम्म स्थलगत रुपमा अनुगमन गर्दा उक्त उद्योगहरु मध्ये

कतिपय क्रसर उद्योग दर्ता नै नभएका र दर्ता भएका पनि तोकिएको शर्त तथा मापदण्डहरु पूरा गरेको नदेखिएको हुँदा घरेलु तथा उद्योग विकाश शाखा, विदुर नुवाकोट समेतबाट अनुगमन टोलीको रोहवरमा अर्को आदेश नभएसम्मका लागि उद्योग बन्द गर्न स्थलगत रुपमै पत्र बुझाउने निर्णय गरेको मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ। यस अदालतको आदेशानुसार रिट निवेदनको काम कारवाहीमा सरिक गराइएका निवेदक त्रिशुली बालुवा प्रशोधन उद्योगहरुसमेतका उद्योगहरुलाई बिपक्षी नबनाई दायर भएको निबेदनमा मिति २०७५।१।२५ मा जारी भएको अन्तरिम आदेशको आधारमा घरेलु तथा जिल्ला प्रशासन कार्यालयको पत्रले यी उद्योगहरु बन्द भएको देखियो।

६१) उपरोक्त विश्लेषका आधारमा निवेदन दावीको सन्दर्भमा हेर्दा, यसमा रिट निवेदकले नुवाकोट जिल्लामा 'बग्ने त्रिशुली, तादी नदी लगायतका नदीहरुमा गैर कानूनी रुपमा कानून बमोजिम IEE र EIA स्वीकृत नगरी संचालित क्रसर र बालुवा प्रशोधन उद्योगहरुलाई सञ्चालन गर्न नदिनु, संचालन नगर्नु, नगराउनु तत्काल बन्द गर्नु, गराउनु, नियन्त्रण र नियमन गर्नु, भनी दावी लिएको भए तापनि मन्त्रालय, विभाग, सरकारी कार्यालय र स्थानीय निकायलाई मात्र विपक्षी बनाएर उक्त जिल्लामा संचालित कुनै पनि उद्योगहरुलाई विपक्षी बनाएको मिसिलबाट देखिँदैन । उद्योगहरुको काम कारवाहीकै कारण वातावरणीय सन्तुलन बिग्रन गएको हो भने त्यहाँ संचालित उद्योगहरुलाई समेत विपक्षी बनाउनु पर्नेमा सो समेत गरेको देखिएन। यस अदालतको आदेशानुसार रिट निवेदनको काम कारवाहीमा सरिक गराइएका त्रिशुली बालुवा प्रशोधन उद्योगहरुसमेत वैध अवैध के हो? सो सम्वन्धमा समेत मिसिल संलग्न कागजातहरु हेर्दा कानूनबमोजिम दर्ता भई प्रमाणपत्र समेत पाएको भन्ने ती उद्योगहरुको दर्ता प्रमाणपत्र समेतका कागजातबाट देखिएको तथा नियमानुसार बुझाउनु पर्ने कर दस्तुर बुझाएको र कानून अनुसार गर्नु पर्ने नविकरणसमेत गरेको मिसिल कागजातबाट देखिएको अवस्थामा गैर कानूनी रुपमा IEE र EIA स्वीकृत नगरी क्रसर र बालुवा प्रशोधन उद्योगहरु सञ्चालन भैरहेको भन्ने दावी मिसिल संलग्न कागजातबाट समर्थित हुन आएन ।

६२) नुवाकोट जिल्लामा संचालनमा रहेका क्रसर तथा बालुवा उद्योगहरुको विवरण संकलनको लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मिति २०७४।११।३० देखि २०७४।१२।०६ सम्म स्थलगत रुपमा अनुगमन गर्दा उक्त उद्योगहरु मध्ये

कतिपय क्रसर उद्योग दर्ता नै नभएका र दर्ता भएका पनि तोकिएको शर्त तथा मापदण्डहरु पूरा गरेको नदेखिएको हुँदा घरेलु तथा उद्योग विकाश शाखा, विदुर नुवाकोट समेतबाट अनुगमन टोलीको रोहवरमा अर्को आदेश नभएसम्मका लागि उद्योग बन्द गर्न स्थलगत रुपमै पत्र बुझाउने निर्णय गरेको मिसिल संलग्न कागज प्रमाणबाट देखिदाँ पर्यावरण सन्तुलनको लागि उद्योगहरुको नियमन र अनुगमन गर्ने कार्य सरकारको तर्फबाट भैरहेको र कानून विपरीत ढुङ्गा, गिटी, बालुवा निकासी गर्न दिइएको भन्ने देखिन आएन । अत: कानून बमोजिम IEE र EIA स्वीकृत नगरी गैर कानूनी रुपमा क्रसर र बालुवा प्रशोधन उद्योगहरुले कानूनविपरित कार्य गर्दै आएको, रोडा, ढुङ्गाको लागि क्रसर उद्योग सञ्चालनको लागि अनुमति नै नलिएको, बालुवा प्रशोधन लगायत कार्य  गर्दै उद्योग संचालन भई वातावरणीय पर्यावरणमा खलल पुग्न गई निवेदकको मानव अधिकार उलंघन भएको भन्ने निवेदन दावी पुष्टी हुन आएन ।

६३) नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा संवैधानिक प्रत्याभूति दिएको छ । वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४, बन ऐन, २०४९, प्राचिन स्मारक संरक्षण ऐन, २०१३ समेत जारी भई कार्यान्वयनमा रहेका छन् । उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाको पूर्ण पालना गर्दै विकास र वातावरणबीच सन्तुलन कायम गर्दै जाने जिम्मेवारी राज्यमा रहेको छ । नेपाल सरकारका सम्बन्धित निकायहरुबाट वातावरण संरक्षण तथा प्राकृतिक स्रोत साधनको समुचित प्रयोगमा संवेदनशील रही सबै उद्योग कलकारखानालाई कानूनी दायरामा ल्याउने सम्बन्धमा निरन्तर पहल गर्नु पर्ने देखिन्छ । नेपाल सरकार र सम्बन्धित निकायहरुले वातावरणीय सन्तुलन कायम राख्ने एवं जैविक तथा पर्यावरणीय विविधता कायम राख्ने सम्बन्धमा नीतिगत, कानूनी तथा संस्थागत प्रबन्ध गर्दै आएका छन्। मुलुकको दिगो विकासलाई मध्यनजर राख्दै उद्योग धन्दालाई प्राकृतिक श्रोतहरुको विरोधी नभई कानूनको प्रक्रिया पुरा गरेर तिनीहरुको अधिकतम संरक्षण गर्दै पर्यावरणका महत्वपूर्ण क्षेत्रहरुलाई पनि सन्तुलनमा राखेर आवश्यक रुपमा परिचालन गर्दै आर्थिक विकास गर्ने उद्देश्यअनुरुप नै नेपाल सरकारका सम्बन्धित निकायले काम गर्नु पर्दछ। यसैले प्रस्तुत मुद्दा दायर हुनु भन्दा पछि बनेको यससँग सम्बन्धित ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी

मापदण्ड, २०७७ आउनु अगाडि देखि नै संचालनमा रहेका क्रसर तथा बालुवा प्रशोधन उद्योगहरुका हकमा थप भएका उक्त मापदण्डका व्यवस्थाहरु पनि क्रमशः कार्यान्वन गर्दै जानु पर्ने टडकारो आवश्यकता हुन गएको छ।

६४) रिट अति उच्चस्तरको उपचारको कानूनी आधार हो। यसलाई सफा हात लिएर उचित एवं मनासिव माफिकको समयभित्र अदालतमा प्रवेश गर्नु पर्दछ। रिटको माध्यमबाट अदालत प्रवेश गर्दा कुनै तथ्यहरु लुकाउन हुँदैन, रिटको व्यहोरामा कुनै छलछाम जालसाजी आदि पनि हुन हुँदैन। यसमा अति शुद्ध भावनाले सवै तथ्यहरु नलुकाई खुलाएको हुन पर्दछ। निवेदक राजेन्द्र चित्रकार आफैं बालुवा र क्रशर व्यवसायी हुन, निजको त्यस स्थानमा रहेको त्रिवेणी बालुवा प्रशोधन उद्योग नामको उद्योग रहेको छ। अनुगमन समितिको प्रतिवेदनमा उक्त उद्योगको Sedimentation tank नभएको र अन्य शर्तहरु पालना नभएको भन्ने कैफियत व्यहोरा उल्लेख गरिएको छ। यसरी निवेदक स्वयंको क्रशर उद्योगको मापदण्ड पुरा भएको स्थिती देखिंदैन। निवेदक स्वयंको क्रशर उद्योग मापदण्ड पुरा नगरी संचालन भै रहेको अवस्थामा निजले अन्य बालुवा प्रशोधन र क्रशर उद्योगहरु मापदण्ड विपरीत गैरकानूनी रुपमा सञ्चालित छन भनी जिल्ला प्रशासन कार्यालय, नुवाकोटमा निवेदन दिनुको साथै यस अदालतमा पनि प्रस्तुत रिट निवेदन दिएको देखिन्छ। निवेदक स्वयं सफा हातले अदालतमा प्रवेश गरेको नभए पनि बालुवा, रोडा, गिटी र ढुङ्गाको गैर कानूनी रुपमा जथाभावी ढंगले उत्खनन् र दोहन गर्ने कार्य देश भरी कै बढ्दो समस्या रहेको र यो समस्या निजको निवेदनको माध्यमबाटै अदालतको जानकारीमा ल्याईएकोले निजको निवेदनलाई निवेदक र निजको उद्योग समेत संलग्न भै बालुवा रोडा गिटी समेत उत्खनन र प्रशोधन गरेको क्रिया कलाप र उद्योगको स्थितीलाई समेत कानूनको दायरामा राखेर नै हेर्नु पर्ने हुन्छ।

६५) गैर कानूनी रुपमा बालुवा प्रशोधन, क्रशर उद्योग र बालुवा खानी आदिको अनुमती दिने गरी कुनै निर्णय काम कारवाही भएको भए ती उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने र अनुगमन प्रतिवेदनबाट गैरकानूनी रुपमा सञ्चालन भै रहेको देखिएका रोडा, गिटी र बालुवा प्रशोधन र क्रशर उद्योगहरुलाई सञ्चालन गर्न नदिनु बन्द गर्नु र साथै सरकारी र सार्वजनिक जग्गा प्रयोग गरी त्रिशुली र तादी नदीमा गैर कानूनी रुपमा भै रहेको चरम दोहनले नदिको स्वरुप विकृत र प्रदुषित भएकोले सार्वजनिक सम्पतीको संरक्षण गर्नु भन्ने परमादेशयुक्त प्रतिषेध जारी गरिपाउँ भन्ने

निवेदन जिकिरको सम्बन्धमा बिचार गर्दा, रोडा, गिटी, ढुङ्गा र बालुवाको प्रशोधन, क्रशरको उद्योग संचालन गर्दा कानूनको रित पुऱ्याएर दर्ता गरी सञ्चालन गर्नु पर्दछ। दर्ता नै नगरी सञ्चालन गर्न हुँदैन र गरेमा त्यस्ता उद्योगलाई कानूनको रित पुऱ्याएर बन्द गराउनु र बन्द गर्नु पर्दछ। अनुगमन प्रतिवेदनबाट त्रिशुली र तादी नदिमा रहेका उद्योगहरु दर्ता नै नगरी सञ्चालन भएको भन्ने उल्लेख छैन, देखिएको छैन। निवेदकले उक्त नदिमा कुन कुन त्यस्ता उद्योगहरु दर्ता नै नगरी सञ्चालनमा रहेका छन्? भनी निवेदनमा किटान गरी उल्लेख गर्न नसकेका र सो जिकिर अनुगमन प्रतिवेदनबाट पनि समर्थित भएको नदेखिंदा त्यस सम्बन्धमा केही आदेश जारी गरिरहन परेन।

६६) सरकारी र सार्वजनिक जग्गाको प्रयोग गरी खोला र नदीबाट रोडा गिटी बालुवा र ढुङ्गाहरुको दोहन गर्ने कार्यहरु पनि भै रहेका हुन्छन। त्यस्ता कार्यहरु पूर्णतः गैरकानूनी प्रकृतीका हुँदा तिनीहरुलाई कानूनको रित पुऱ्याएर नियन्त्रण गरी बन्द नै गर्नु पर्दछ। कानूनी रुपमा दर्ता नै नगरी अवैद्य रुपमा संचालनमा रहेका उद्योग र सार्वजनिक र सरकारी जग्गा प्रयोग गरी खोला र नदीको रोडा, गिटी र बालुवाको उत्खनन गरी दोहन गर्ने कार्य पनि गैर कानूनी हुने हुँदा त्यस्ता अवैद्य उद्योग र कार्यलाई कानूनको प्रक्रिया पुऱ्याएर बन्द अर्थात पूर्ण निषेध नै गर्नु पर्दछ। यस सम्बन्धमा निवेदकले निवेदनमा त्यस्ता उद्योगका पहिचान गरी प्रमाण साथ निवेदन जिकिर नलिएको र त्यस्ता उद्योगहरूलाई प्रत्यर्थी समेत नबनाइएको र त्यस्ता उद्योग र क्रियाहरुलाई कानूनको प्रक्रिया पुरा गरेर स्थानीय नगर, गाउँपालिका, जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उद्योग विकास शाखाले कानूनको प्रक्रिया पुरा गरेर बन्द र निषेध गराउन सक्ने नै हुँदा त्यसतर्फ अहिले कुनै आदेश जारी गरी रहन मिल्ने देखिन आएन।

६७) त्रिशुली र तादी नदिमा संचालित रोडा, गिटी र बालुवा प्रशोधन र क्रशर उद्योगहरु विधिवत रुपमा दर्ता नगरी र मापदण्ड विपरित गैर कानूनी रुपमा संचालित छन छैनन्? भनी सर्वप्रथम दर्ता नभएका उद्योगहरुको सम्बन्धमा हेर्दा, जिल्ला प्रशासन कार्यालय, नुवाकोटले मिति २०७४।११।३० देखि २०७४।१२।६ गते सम्म नुवाकोट स्थित त्रिशुली र तादी नदिमा संचालित बालुवा प्रशोधन र क्रशर उद्योगको सम्बन्धमा क्रमशः मिति २०७४ फाल्गुन ३० गते ऐ. चैत्र १, २ र ६ गतेका दिनमा अनुगमन गरी दिएको बेग्ल बेग्ला प्रतिवेदनमा शिव अधिकारी, लिलानाथ

अधिकारी, लोकनाथ अधिकारीको बेलकोटगढी-५ र रामबाबु जि.सी., बद्री प्रसाद रिमाल, पृथ्वी भरत राई, सस रिसी राई, रामचन्द्र राई, रमेश राई, रामभक्त राई, दया विक्रम राई, सविन कुमार राई, सहिबहादुर राईको बेलकोटगढी-७ र यसरी नै कृष्ण हरी श्रेष्ठ (गल्छी धादिङ्ग) विकास चित्रकार, नवराज तिवारी, लक्ष्मण अधिकारी, पूर्णमान चित्रकार, लक्ष्मण अधिकारी, शम्भु प्रसाद सिग्देलको र नुवाकोट विदुर नगरपालिका -५ मा कृष्ण प्रसाद अधिकारी, बद्री थपलिया, राजेन्द्र थपलिया र (ग्रेडिङ्ग मेसिन खोलामा रहेको) टुण्डी कन्स्ट्रक्सन र ऐ. वडा नं. ३ मा राजन श्रेष्ठ, ऐ. वडा नं. ८ मा आशाकाजी श्रेष्ठ, फैसिङ्ग तामाङ्ग, र वडा नं. १ मा उद्धव थपलिया र राशशरण गिरी शिवपुरी-८ मा बालुवा प्रशोधन उद्योग बाटाको छेउमा रहेको भन्ने व्यहोरा उल्लेख छ। यसैगरी नुवाकोट, विदुर नगरपालिका-१३ मा रामबाबु जि.सी. ऐ. वडा नं. ९ मा गगन लामा, तादी गाउँपालिका-३ मा विक्रम चौधरी ऐ. पञ्चकन्या-२ मा हिरारत्न हाइड्रो पावर प्रा.लि. (केशव थापा समेत) (हाइड्रोको नाममा क्रशर र बालुवा प्रशोधनको रुपमा संचालनमा रहेको) लिखु गाउपालिका-४ मा नवराज पाठक समेतको ए.आई.पि.एल मृत सैजीवनी जे.भी. नामको क्रशर र बेलकोटगढीमा टुण्ड कन्सट्रक्सन प्रा.लि. नामको क्रशर र बालुवा प्रशोधनको उद्योग संचालन भै राखेको छन्। यी उद्योगहरु कानून बमोजिम दर्ता नै नगरी संचालनमा रहेका छन्। यी यस्ता दर्ता नभएका उद्योगहरुलाई बन्द गर्न विदुर नगरपालिका उद्योग विकास शाखाबाट मिति २०७१।४।९ र घरेलु तथा साना उद्योग विकास समिति, नुवाकोट विदुरले पनि ०७१ सालमा र जिल्ला प्रशासन कार्यालय नुवाकोटबाट पनि यस अदालतबाट मिति २०७५।१।२५ गते मा अन्तरिम आदेश जारी भएपछि उद्योगहरुलाई तत्कालै बन्द गर्ने पत्र प्रेषीत गरिएको अवस्था छ। दर्ता नै नगरी संचालन गरिएका उद्योगहरुलाई पनि निवेदकले प्रत्यर्थी बनाएको अवस्था छैन। ती उद्योगहरुको पनि स्थिती नबुझी प्रत्यर्थी नबनाइएका उद्योगहरुलाई सोझै बन्द गर्न भनी आदेश गर्न पनि कानूनी आधारमा उपयुक्त हुन देखिंदैन। उद्योग बन्द गर्न भन्न पनि उनीहरुलाई आफ्नो बारेमा भन्ने मौका दिन सूचना दिएर कानूनी प्रक्रिया अपनाएर नै बन्द गर्नु भनी निर्णय गर्नु पर्दछ। नुवाकोट विदुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उद्योग विकास शाखा, नुवाकोट विदुरका विभिन्न मितिका पत्रले विना दर्ता संचालनमा रहेका क्रशर र बालुवा प्रशोधनका उद्योगहरुलाई तुरुन्त बन्द गर्न भनिएबाट त्यस बारेमा कानूनी

प्रक्रिया पुगेको नै छ। यसरी अधिकार प्राप्त निकायबाट अनुगमन गरी कानूनको प्रक्रिया पुरा गरेर दर्ता नभै संचालनमा रहेका क्रशर र बालुवा प्रशोधनका उद्योगहरुलाई बन्द गर्न गरेको पत्राचारबाट ती उद्योगहरु बन्द नै भएका हुँदा र अटेर गरी बन्द नगरी संचालन गरिरहेका त्यस्ता उद्योगहरु स्थानीय निकाय र सम्बन्धित कार्यालयहरुले कानूनको प्रक्रिया पुरा गरेर बन्द गराउन सक्ने नै हुँदा त्यस सम्बन्धमा पनि केही आदेश जारी गरिरहन परेन।

६८) यसै गरी मापदण्ड पुरा नगरेका उद्योगहरुको सम्बन्धमा हेर्दा, जिल्ला प्रसाशन कार्यालय, नुवाकोटले त्रिशुली र तादी नदिमा संचालित त्यस्ता उद्योगहरुमा अनुगमन गर्दा अधिकांश उद्योगहरुले सबै मापदण्ड पुरा गरेको छैनन्। अधिकांश उद्योगहरुले ट्याङ्क निर्माण गरी पानी फाल्ने र Sendimentation को राम्रो व्यवस्था गरेको देखिंदैन। कानूनी रुपमा दर्ता भएका उद्योगहरुले मापदण्ड पुरा नगरेको अवस्थामा त्यस्ता उद्योगहरुलाई निश्चित समय दिएर सुधार गरेर मापदण्ड पुरा गर्न र उद्योगहरुलाई अध्यावधिक बनाई राख्न मौका प्रदान गर्ने गरिन्छ र त्यो समय भित्रमा उद्योगहरुले आफ्नो मापदण्ड सुधार र अन्य शर्तहरु पुरा गरेर अध्यावधिक बनाउनु र बनाई राख्नु पर्छ। कानूनी रुपमा दर्ता भै वैद्य रुपमा सञ्चालनमा रहेका उद्योगहरुमा नवीकरण देखि केही यान्त्रिक र प्रदुषण नियन्त्रणको सम्बन्धमा सुधार गर्नु पर्ने देखिए उद्योग व्यवसायको क्षेत्रमा त्यस्ता सुधार गर्न लगाउन आवश्यक समय सहितको मौका दिनु पर्ने सिद्धान्त र मान्यताहरु अदालतका न्यायिक अवधारणबाट स्थापित भै सकेका छन्। निवेदकले निवेदनमा ईङ्गित गर्न खोजेका त्रिशुली र तादि नदिमा संचालनमा रहेका रोडा, गिटी, बालुवा प्रशोधन र क्रशरका उद्योग लगायत सबै उद्योगहरुको लागि गिटी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्था सम्बन्धी मापदण्ड २०७७ जारी हुन आएको छ। साविकको मापदण्ड २०७३ मा उल्लेख भए भन्दा मापदण्ड २०७७ मा उद्योग स्थापना गर्ने दुरीको सम्बन्धमा थप मापदण्ड निर्धारण गरेको छ। यो नयाँ दुरी कायम गरेको मापदण्डलाई पनि उद्योगहरुले पालना गरी तोकिएको समय भित्र कायम पनि गर्नु पर्ने हुन्छ। साविकको मापदण्ड अनुसार स्थापना भएका उद्योगहरुको लागि अब फेरी पुनः दुरी कायम गरिएको मापदण्ड अपनाएर उद्योगलाई पुनः स्थापना गर्न कठीन पर्न सक्ने हुँदा यस सम्बन्धमा यथोचित अवसर र समय समेत दिनु पर्ने हुन्छ। धुलो, धुवा र ध्वनी प्रदुषणलाई नियन्त्रण गर्ने, उद्योगबाट उत्सर्जन हुने

फोहोर लेदो आदिलाई व्यवस्थापन गर्ने कार्यहरु सुधार गर्ने प्रकृतीका हुँदा ति मापदण्डका कार्यहरुलाई सुधार गर्न लगाउनु पर्ने र सुधार गर्नु पनि पर्ने हुँदा त्यस सम्बन्धमा कुनै आदेश जारी गरी रहन परेन।

६९) तसर्थ माथि विवेचित आधार र कारणहरुबाट जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट मिति २०७४।११।३० देखि २०७४।१२।६ गतेसम्म प्रत्यर्थीका बालुवा प्रशोधन र क्रशर उद्योगहरुमा अनुगमन गरी प्रतिवेदन दिएको देखिन्छ। उक्त प्रतिवेदनमा केही उद्योगहरुको मापदण्डमा सुधार गर्नु पर्ने अवस्था देखिएको छ। केही उद्योगहरुको नविकरण अध्यावधिक भएको देखिंदैन। प्रस्तुत मुद्दा चलिरहेको अवस्थामा नयाँ ढुङ्गा, गिटी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ समेत लागु भएको अवस्था हुँदा यसमा उल्लेखित मापदण्डलाई अंगिकार गर्नु पर्ने अवस्था समेत रहेको देखिंदा प्रत्यर्थीका उद्योगहरुले सुधार र पूरा गर्नु पर्ने मापदण्डहरु अनिवार्य रुपमा सुधार गरी र उपरोक्तानुसार अनुगमन हुँदा औंल्याएको कमी कमजोरीहरुलाई सुधार गर्ने सन्दर्भमा थप EIA गर्नु पर्ने भए सो समेत गरेर तथा अगाडी देखि नै संचालनमा रहेका प्रत्यर्थी उद्योगहरुले प्रस्तुत रिट निवेदन दायर भएपछि बनेको मापदण्ड २०७७ मा थप भएका मापदण्डहरु समेत क्रमशः अपनाउँदै पूरा गर्नु पर्नेमा प्रत्यर्थी उद्योगहरु लामो समयदेखि यस अदालतको मिति २०७५।१।२५ को अन्तरीम आदेशले बन्द रहेको कारणले निजहरुले आफ्नो उद्योगलाई नयाँ मापदण्ड अनुसार सुधार गर्ने समय पनि नपाएका र सोको मौका दिनु पर्ने समेत देखिंदा त्रिशुली र तादी नदिको आसपासमा संचालित उद्योगहरुले अबको तीन महिना भित्रमा आ-आफ्ना उद्योगहरुमा मापदण्ड, नविकरण र EIA गर्नु पर्ने जस्ता विषयहरु जे जती छन् ती सवैमा सुधार गरी उद्योगलाई अधावधिक बनाएर सञ्चालन गर्ने गरी अहिलेलाई निवेदकले माग गरेबमोजिमको उत्प्रेषणयुक्त प्रतिषेध र परमादेशको आदेश जारी हुन सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

७०) प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे तापनी निवेदकले उठाएको विषयवस्तु नदी र खोलामा बालुवा, रोडा, गिटी र ढुङ्गाको उत्खनन् गर्ने कार्य र त्यससंग सम्बन्धित बालुवा प्रशोधन र क्रशरका उद्योगलाई बढी नियमित गर्ने र वातावरणको क्षेत्रलाई पनि संरक्षण गर्न संवेदनशील भै विशेष ध्यान पुर्‍याउनु पर्ने र साथै मापदण्ड निर्देशिका २०७७ मा उल्लेखित दुरीका सम्बन्धमा गंभीर रुपमा पुर्नविचार गरी देहायका बुँदाहरुलाई पनि कार्यान्वयन गर्नको लागि र साथै यस क्षेत्रमा एउटा बेग्लै

विशेष ऐन निर्माण गर्ने सम्बन्धमा समेत देहायको निर्देशनात्मक आदेश जारी हुने ठहर्छ ।

क) वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ बमोजिम राष्ट्रिय सम्पदाको संरक्षण गर्नु सम्बन्धित सबै निकायको कर्तव्य रहेको हुँदा राष्ट्रिय सम्पदाको संरक्षण गर्ने प्रयोजनको लागि सम्बन्धित निकायले अनिवार्य रुपमा पञ्जिका तयार गरी राख्नु पर्नेछ र सो पञ्जिकामा नेपाल भित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु वा स्थलहरु समेत समावेश गर्नु पर्ने पर्दछ।

ख) ऐ. ऐनको दफा १० मा व्यवस्था भए बमोजिम वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक, दुर्लभ वन्यजन्तु जैविक विविधता, वनस्पती, ऐतिहासिक तथा साँस्कृतिक महत्वका स्थलहरु भएको नेपाल भित्रको कुनै ठाउँलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्नु गराउनु हुन।

ग) नेपालको राष्ट्रियस्तरका र अन्य भित्री नदी नाला र खोलाले कहाँ कहाँ? के कति? चौडाईको क्षेत्रफल ओगटेका छन्? नक्साको माध्यमबाट त्यसको र साथै हरेक वर्ष र समय समयमा त्यसमा हुने गरेको परिवर्तन र त्यसबाट हुने गरेका क्षतीको बारेमा समेत अभिलेख निरन्तर रुपमा सम्बन्धित निकाय, वन, भू-संरक्षण, सिचाई र भूमिसुधार मन्त्रालयले आपसमा समन्वय गरी राख्नु पर्ने हुन्छ। नदी र खोलाको बहाव परम्परागत र प्राकृतिक रुपमा आफ्नै स्थान र स्वभावमा बग्ने गरी र नदी छेउका विशेषतः वन, जंगल, जग्गा जमीन र गाउँ बस्तीलाई संरक्षण गर्ने गरी स्थायी योजना बनाएर त्यसैको क्रमशः कार्यान्वयन गर्दै लिएर जानु पर्दछ।

घ) नेपाल अधिराज्यका हरेक जिल्लामा के कती संख्यामा बालुवा प्रशोधन र क्रशरका उद्योगहरु संचालन रहेका छन्? ती मध्ये कुन कुन कति उद्योगहरु वैद्य र अवैध रुपमा संचालित भएका छन? हरेक उद्योगको अभिलेख तयार गरी वैद्य उद्योगहरु कुनै मापदण्ड पुरा नगरी र कुनै उद्योगहरु दर्ता नै नगरी अवैद्य रुपमा संचालित भै राखेका छन् भने दर्ता नै नगरी अवैध रुपमा संचालित बालुवा प्रशोधन र क्रशर उद्योगलाई कानूनको प्रक्रिया अपनाएर बन्द नै गर्न लगाउने र मापदण्ड पुरा नगरी वैद्य रुपमा संचालनमा रहेका त्यस्ता उद्योगहरुलाई एक पटकलाई निश्चित समय अवधि प्रदान गरेर त्यस भित्र मापदण्ड पुरा गर्न लगाउने र सोको पनि अवज्ञा गर्ने उद्योगहरुको दर्ता

नै खारेज गर्ने प्रक्रिया अपनाउनु पर्छ। कुनै पनि व्यवसायीको एक्साभेटर, ट्रेक्टर, जेसिभी र टिपरलाई नदी जन्य सामग्रीको गैरकानूनी उत्खनन् र ओसार पसार गर्ने कार्यको लागि खोला र नदिमा प्रवेश गर्न नै नदिने गरी अनिवार्यत: नियन्त्रण गर्नु पर्छ।

ङ) सरकारी र सार्वजनिक जग्गा प्रयोग गरी त्रिशुली, तादी र त्यसरी नै देशका विभिन्न खोला र नदीमा कसैले उत्खनन् गरी दोहन गरि रहेको स्थिति भए त्यस्ता कार्य भै राखेको सरकारी र सार्वजनिक जग्गा, खोला र नदिमा कानूनको प्रक्रिया पुरा गरेर तुरुन्त निषेध, नियन्त्रण र बन्द गर्न लगाउनु पर्दछ।

च) नेपाल सरकारले गिटी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्था सम्बन्धी मापदण्ड, २०७७ लाई कार्यान्वयनमा ल्याएको छ। यस अघि स्थापना भएका त्यस सम्बन्धी उद्योगहरु साविकमा कार्यान्वयमा रहेको मापदण्ड बमोजिम स्थापना भै संचालनमा रहेको हुँदा २०७७ सालमा अर्को नयाँ मापदण्ड कार्यान्वयनमा आएकोले सोमा उल्लेखित दुरीको मापदण्डको सम्बन्धमा उद्योग व्यवसायीहरुको गुनासो रहेको हुँदा सोको मनासिव माफिकको उपयुक्तताको सम्बन्धमा पूर्नबिचार गर्नुको साथै बालुवा प्रशोधन र क्रशरका उद्योगहरुलाई निश्चित समय दिएर उक्त समय भित्रमा आफ्ना उद्योगहरुलाई नयाँ कायम गरिएको दुरीमा स्थानान्तरण गर्नुको अलावा नविकरण, वातावरणीय प्रभाव मूल्याङ्कन, लगायतका अन्य क्षमता र प्राविधिक सुधारका कार्यहरु गर्नका लागि मौका प्रदान गर्ने र सो नगर्ने त्यस्ता उद्योगलाई अनिवार्यतः विस्थापित गराउनु पर्दछ।

छ) कानूनको प्रक्रिया पुरा गरेर गिट्टी रोडा, ढुंगा, बालुवा, माटो जस्ता नदीजन्य पदार्थ चिजहरु उत्खनन् गर्दा मापदण्ड, २०७७ मा उल्लेख भए बमोजिम पूल, कलभर्ट सडक, नदी खोला, जमीन र गाउँवस्तीको किनारदेखि निश्चित दुरी कायम राखी त्यो भन्दा बाहिरको क्षेत्रमा तोकिएको स्थानमा तोकिएको लम्बाई, चौडाई र गहिऱ्याईमा सिमित रहेर मात्र उत्खनन् गर्नुपर्ने कार्यलाई अनिवार्य रुपमा नियमित र व्यवस्थित गर्नुपर्ने छ।

ज) नेपालका नदी र खोलाबाट गिट्टी, रोडा, ढुंगा, बालुवा जस्ता नदीजन्य पदार्थ र चिजहरु उत्खनन् गर्ने गराउने र साथै ती र आसपासका स्थानमा बालुवा

प्रशोधन र क्रशर उद्योगहरु मापदण्ड सम्बन्धी निर्देशिकाबाट संचालन गर्नु भन्दा यससँग सम्बन्धित सबै समस्या, क्षेत्र र विषयवस्तु ओगटेको एउटै ऐन निर्माण गरेर संचालन गर्न नै अति उपयुक्त हुने देखिँदा नदीजन्य गिट्टी रोडा बालुवाको उत्खननको कार्यलाई बढी व्यवस्थित र नियन्त्रित अवस्थाबाट संचालन गरी त्यस्तो कार्यबाट वन जंगल, जमीन, पूल, कलभर्ट, सडक, राजमार्ग, किनाराका गाउँवस्ती, जैविक वनस्पती, जीवजन्तुको बास स्थान राष्ट्रिय सम्पदा र प्राकृतिक श्रोत र सम्पदाहरुको संरक्षण गर्न एउटा विशेष ऐन नै बनाउन उपयुक्त हुने देखिँदा यथाशिघ्र त्यस्तो ऐन बनाउन पहल गर्नु पर्दछ।

झ) उपरोक्त बमोजिमको आदेश र निर्देशात्मक आदेशका बुँदाहरु अनिवार्यतः प्रभावकारी रुपमा कार्यान्वयन गर्न र मातहतका स्थानीय निकाय र कार्यालयहरुबाट पनि गर्न गराउनको लागि यो आदेशको प्रमाणित प्रतिलिपि गृह, वन, सिंचाई, भूमीसुधार र स्थानीय विकास मन्त्रालय सशस्त्र प्रहरी बलको मुख्यालय र प्रहरी प्रधान कार्यालय समेतमा पठाइदिनू।

यो आदेशको कार्यान्वयन र जानकारीको लागि आदेशको प्रति महान्यायाधिवक्ताको कार्यालय र सो मार्फत विपक्षीहरुलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर : प्रेमबहादुर थापा

इति सम्वत् २०७७ साल चैत्र ९ गते रोज २ शुभम्---------------------------।